'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २८४ ★ ने. सं. ११४६ कौला थ्व, नवमी ★ मङ्गलबार ★ १७ कार्तिक, २०८३ ★ November 3, 2026, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८



समाजवादी देश क्युवामाथि संरा अमेरिकाले अन्यायपूर्वक लगाउँदै आएका नाकाबन्दी र प्रतिबन्ध अविलम्ब हटाउन माग गर्दै र क्युवाप्रति समर्थन जाहेर गर्दै न्यूयोर्क सहरमा भएको जनप्रदर्शन नोभेम्बर १, २०२६ को दिन । क्युवाप्रतिको अमेरिकी नीतिको विरोधमा संरा अमेरिकाका विभिन्न सहरमा पनि विरोध प्रदर्शन भएका थिए ।

तस्बिर : प्रेन्सा ल्याटिना

नगर प्रमुख प्रजापतिद्वारा सेरामिक्स कार्यशाला उद्घाटन



भक्तपुर, १६ कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल सेरामिक्स आर्टिस्ट सोसाइटीको आयोजनामा भक्तपुरको स्थानीय कलात्मक उत्पादनहरूको प्रवर्द्धन, प्रोत्साहन र विकासको लागि सोमबारबाट सञ्चालित एकहप्ते सिरामिक्स कार्यशालाको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले सिरामिक्सको राम्रो सम्भावना बोकेको देशकै महत्त्वपूर्ण स्थान भक्तपुर भएको बताउँदै परम्परागत सीपलाई आधुनिकतासँग जोडेर अगाडि बढाउन नसके परम्परागत कला र सीप ओझेलमा पर्ने सम्भावना रहेको उल्लेख गर्नुभयो ।

प्लास्टिकका सामानले माटाका भाँडाको स्थान लिँदै जाँदा परम्परागत पेसामा आबद्ध व्यक्तिहरूको रोजगारी गुम्ने खतरा बढेको बताउँदै उहाँले युवालाई सिरामिक्स क्षेत्रमा आकर्षित गर्ने नीति सरकारले अवलम्बन गर्नुपर्ने र विदेशबाट हुने सेरामिक्स सामग्रीको आयातलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो । परम्परागत पेसालाई आधुनिक प्रविधि र सिर्जनशीलतासँग जोड्दै अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले युवाहरूमा आफ्नै देशमा सम्भावना खोज्नेभन्दा परनिर्भर सोच बढ्दै गएको बताउँदै

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १६१

आगामी कार्यदिशा

१. स्थानीय प्रशासनको सहयोग: हाल बैङ्क तथा वित्तीय संस्थाहरूलाई घर-बाटो सिफारिश, लिलामी प्रक्रियालगायत कार्यमा स्थानीय वडा तहबाट असहयोग हुँदै आइरहेको गुनासो छ । ऐन कानुनले दिएका अधिकारअनुसार कार्य गर्न स्थानीय तहबाट सहयोग पुग्ने वातावरण बनाउनुपर्ने ।

२. प्रहरी प्रशासनको सहयोग: पछिल्लो २-३ वर्षयता बैङ्क तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई लक्षित गरी आक्रमण/धम्कीपूर्ण व्यवहार हुँदै आइरहेका छन् । मुलुकको कुनै पनि क्षेत्रमा कुनै घटना घट्ने अवस्था श्रृजना भएमा प्रहरी केन्द्रीय कार्यालयलगायत नजिकको प्रहरी/प्रशासनसमक्ष तुरुन्त खबर पुग्ने एक स्थायी संयन्त्र निर्माण गर्नुपर्ने ।

४. बैङ्क तथा वित्तीय संस्था ऐन संशोधन: बैङ्क तथा वित्तीय संस्था ऐनलाई पारदर्शी, सबल र स्थायित्वका लागि समय सापेक्ष संशोधन गर्नुपर्ने ।

५. मुलुकको ग्रे-लिस्ट सम्बन्धमा: मुलुक अहिले FATIF को ग्रे-लिस्टमा परी आवश्यक कानुन/नियमको संशोधनसहित कमजोर देखिएका क्षेत्रहरूमा आवश्यक सुधार प्रक्रियाहरू अगाडि बढाउनुपर्ने ।

६. भ्रामक समाचार सम्प्रेषण: पछिल्लो समय केही अनलाइन सञ्चारमाध्यमहरूले व्यक्ति/संस्था लक्षित भ्रामक, गलत र तथ्यहीन समाचार सम्प्रेषण गर्दै आइरहेको र यसले आम जनमानसमा बैङ्किङ क्षेत्रप्रति नकारात्मक प्रभाव पर्दै गएको छ । तसर्थ, एक निश्चित मापदण्ड तोकी अनलाइन सञ्चारमाध्यमहरूको अनुगमन र ती संस्थालाई प्रदान गरिने विज्ञापन खर्चमा समेत मापदण्ड तोकिनु पर्छ ।

७. अन्य: हुण्डी कारोबारलाई न्यूनीकरण गर्दै हाल पुँजी पलायन हुने सम्भावनालाई रोक्न सतर्कता अपनाउनुपर्ने । डिजिटल माध्ययमबाट हुँदै गइरहेको ठुला कारोबार गर्ने PSP/PSO को निगरानी बढाई ती संस्थालाई थप सुरक्षित बनाउनुपर्ने ।

खराब कर्जा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै ऋणीको वास्तविक क्षमता र नगद प्रवाहका आधारमा कर्जा प्रवाह सुनिश्चित गर्न अपरिहार्य छ । कर्जा विस्तारको सन्दर्भमा साना तथा मझौला व्यवसाय र उत्पादनमूलक क्षेत्रलाई ध्यान दिनु जरुरी छ ।

नागरिक समाज

समाजमा आवाज नहुनेहरूको आवाज बुलन्द गर्ने स्वतन्त्र, निष्पक्ष र तटस्थ समूह नागरिक समाज हो । तथापि, नेपालमा नागरिक समाज पनि नाममात्रको रहेको स्वतन्त्र, निष्पक्ष र तटस्थ हुन नसकेको साथै गैरसरकारी संस्थामा आबद्ध भएको भन्ने आम जनगुनासो व्याप्त छ ।

सुझाव

नागरिक समाज आवाजविहीनहरूको आवाज बन्नुपर्दछ । नागरिक समाज सामाजिक सहिष्णुता अभिवृद्धि गर्ने र सरकारको स्वेच्छाचारिता रोक्ने काममा लाग्नुपर्दछ ।

बाँकी पृष्ठ २ मा

देशको अवस्थाबारे उठेका प्रश्न

● प्रतिनिधिसभाको प्रमुख विपक्षी दल नेकाले रास्वपा सरकारलाई चेतावनी दियो – "सरकारले गरेका राम्रा कामको जस लिने तर गलत कामको जिम्मेवारीबाट पन्छिने छुट कुनै पनि दललाई हुँदैन । प्रेस स्वतन्त्रताको विषयमा सरकारले सीमा नाघ्दा नेपाली काङ्ग्रेस चुप लागेर बस्दैन । रास्वपा सरकारलाई सात-आठ महिना शङ्काको सुविधा भयो, अब हुँदैन । सञ्चारगृहमा प्रहरी प्रवेश गराएर पत्रकार पक्राउ गरिएको घटनाले मुलुकमा शाही शासनकालमा सञ्चारमाध्यममाथि भएको हस्तक्षेपको स्मरण गरायो ।"

पैँतीस वर्षयता सबैभन्दा बढी सरकारमा बसेको पार्टी नेपाली काङ्ग्रेस नै हो । आफ्नो कार्यकालमा नेकाले कुन विपक्षीलाई सम्मान गरेको थियो र अहिले सम्मान खोज्दै छ ? पहिले 'साह' अब 'शाह' भएपछि 'शाही शासनकाल' नभए 'साही शासनकाल' हुन्छ ? यो यथार्थ नबुझेजस्तो नेपाली काङ्ग्रेसले किन गर्दै छ ? 'अब हुँदैन' भनी कराउने बाहेक नेकाले गर्न सक्ने के नै छ ?

बाँकी पृष्ठ ८ मा

मध्यपुर थिमिका प्रमुख प्रशासकीय अधिकृत घिमिरे रु. ३३ लाख घुस लिएको आरोपमा पक्राउ

भक्तपुर, १६ कार्तिक । मध्यपुर थिमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरेलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको विशेष टोलीले नियन्त्रणमा लिएको छ । उनका भाइ नाता पर्ने भुवन ढुङ्गेल सवार इभी कारबाट शङ्कास्पद नगद बरामद भएपछि घिमिरे कार्यालयबाटै पक्राउ परेका छन् ।

सोमबार अपराह्न मध्यपुर थिमि नगरपालिकाबाट निस्किएको बाग्मती प्रदेश ०१-०३५ च २६८७ नम्बरको टाटा इभी कार निकोसेरास्थित अजिमा पेट्रोल पम्प नजिक अख्तियारको फन्दामा परेको थियो । चेकजाँचको क्रममा शङ्कास्पद नगद बरामद भएपछि चालकसहित कारमा सवार भुवन ढुङ्गेल र उनकी श्रीमतीलाई अख्तियारले नियन्त्रणमा लियो । त्यसलगत्तै नगरपालिकाको कार्यालयबाट प्रमुख प्रशासकीय अधिकृत घिमिरेलाई नियन्त्रणमा लिई घटनास्थलमा ल्याइएको छ ।

कारबाट ३३ लाख रुपैयाँ बरामद भएको छ । सो रकम घिमिरेले घुसबापत लिई व्यवस्थापनको लागि ढुङ्गेललाई दिएको अख्तियारको दाबी छ । प्रमुख प्रशासकीय अधिकृत घिमिरेले भने घुस लिएको इन्कार गरेका छन् । हाल मुचुल्का तयार पार्ने काम भइरहेको छ । थप विवरण आउन बाँकी छ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

किसान सूचीकरणसम्बन्धी सूचना

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ अनुसार किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरूको आवश्यक विवरणहरू विद्युतीय प्रणालीमार्फत सङ्कलन गरी किसान परिचयपत्र उपलब्ध गर्नका लागि भक्तपुर नगरपालिकाले आ.व. २०७९/८०, ८०/८१ र ८१/८२ मा सहजकर्ता खटाई किसान सूचीकरण कार्यक्रम सञ्चालन गरी कृषक सूचिकृत गरेकोमा छुटेका कृषकहरूलाई सूचिकृत हुनका लागि सम्बन्धित वडा कार्यालय वा यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखा, दूधपाटीमा सम्पर्क गर्नुहुन अनुरोध छ । किसान सूचीकरण प्रणालीमा सूचिकृत हुन हालसालै खिचेको फोटो, नागरिकताको प्रमाणपत्र साथै अन्य खेतीको विवरण उपलब्ध गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

प्रमुख प्रशासकीय अधिकृत



चाँगुनारायण नगरपालिका वडा नं. १ दुवाकोटको १९ रोपनी १० आना सार्वजनिक जग्गालगायत अन्य अर्बौं सार्वजनिक जग्गा भूमाफियाको कब्जामा रहेको हुँदा सो जग्गा सार्वजनिक बनाउन सर्वोच्च अदालतमा मुद्दा दर्ता पछिको पत्रकार सम्मेलन । *तस्बिर : मजदुर दैनिक*

दुवाकोट र झौखेलमा २३ गते भिन्तुना च्याली

भक्तपुर, १६ कार्तिक । नेपाल संवत् ११४७ को नयाँ वर्षलाई स्वागत गर्न प्रगतिशील सांस्कृतिक समाजले चार वर्षदेखि निरन्तर न्हुदँया भिन्तुना च्याली कार्यक्रम गर्दै आएको छ ।

समाजले सम्पूर्ण संस्कृतिप्रेमी स्थानीय बासिन्दा बुद्धिजीवी, महिला, युवा, विद्यार्थी र शुभ-चिन्तकहरूलाई सहभागीको लागि अपेक्षा गरेको छ ।

प्रगतिशील सांस्कृतिक समाजले चाँगुनारायण नगरपालिका वडा नं. २ को आयोजनामा कार्तिक २३ गते बिहान ७:३० बजे कालीघाट कासनमा भेला भई नयाँ वर्षको स्वागत गर्न स्थानीय संस्कृतिप्रेमी तथा विभिन्न जात-जाति र भाषाभाषीका शुभचिन्तकहरूलाई अनुरोध गरेको छ ।

चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट झौखेलको आयोजनामा हुने उक्त च्यालीमा बाजागाजासहित सहभागी हुन सबैलाई आग्रह गरिएको छ । उक्त च्याली कालीघाट पुलसँगैको कासनेबाट सुरु भई मगथली, ३ नं. वडा कार्यालय झौखेल, जागृति टोल, माकजु टोल, सुन्दरथली यापी भैरव हुँदै नांखेल टोल पिपल बोटको गेटमा पुगी समापन कार्यक्रम हुनेछ ।

चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट, झौखेलमा २०७९ सालमा स्थापना भएको प्रगतिशील सांस्कृतिक समाजले सामाजिक क्षेत्रमा टेवा पुऱ्याउँदै आएको छ ।

नेपाल संवत्को नयाँ वर्षको अवसरमा आयोजना गर्दै आएको च्यालीलाई निरन्तरता दिन यो वर्ष पनि आह्वान गरिएको छ ।

ख्वप इन्जिनियरिङ कलेजमा साताव्यापी कर्मचारी खेलकुद प्रतियोगिता सुरु

भक्तपुर, १६ कार्तिक । वर्षभरि प्राविधिक काम, प्रशासनिक जिम्मेवारी र कार्यालयको समय बिताउने ख्वप इन्जिनियरिङ कलेजका कर्मचारी यतिबेला खेलमा प्रतिस्पर्धा गरिरहेका छन् । दसैँ-तिहारको अवसरमा प्राप्त सेमेस्टर ब्रेकलाई खेलकुदमय बनाउँदै कलेजले सोमबारदेखि साताव्यापी अन्तरशाखा खेलकुद प्रतियोगिता सुरु गरेको छ ।

दैनिक कार्यबोझबाट केही समय विश्राम लिँदै सहकर्मीसँग खेल्ने, रमाउने र आफ्नो खेल कौशल देखाउने अवसरको रूपमा प्रतियोगितालाई लिइएको छ । कलेज परिसरमा आयोजित समारोहमा प्रशासन प्रमुख सिद्धिराम सुवालले खेल निर्णायक सत्यराम न्हिसुतुलाई खेल सामग्री हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गर्नुभयो । उद्घाटनसँगै कर्मचारीबिच विभिन्न खेलमा प्रतिस्पर्धा सुरु भएको हो ।



कलेजका खेलकुद प्रशिक्षक श्यामकृष्ण बासुकलाका अनुसार कार्तिक २० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा कर्मचारीको उत्साहजनक सहभागिता छ । प्रतियोगितामा टेबलटेनिस, ब्याडमिन्टन, उदबल, फुटसल र स्थानीय परम्परागत खेल कसिमलासहित पाँच विधा समावेश गरिएका छन् ।

कार्यालयको नियमित काम, आन्तरिक परीक्षण, नक्साङ्कन, अनुसन्धान तथा प्राविधिक जिम्मेवारीका कारण उत्पन्न हुने मानसिक थकान कम गर्नु प्रतियोगिताको प्रमुख उद्देश्य रहेको कलेज प्रशासनले जनाएको छ । खेलकुदमार्फत कर्मचारीबिच आपसी सद्भाव, सहकार्य, टीम भावना र आत्मीयता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

प्रतियोगिताको पहिलो दिन सोमबार टेबलटेनिसको पुरुष एकलतर्फ प्रशासन प्रमुख सिद्धिराम सुवालले उत्कृष्ट प्रदर्शन गर्दै पहिलो स्थान हासिल गर्नुभयो । इलेक्ट्रिसियन साजन साँद दोस्रो हुँदा जिन्सी प्रमुख राजन जती र सिभिल विभाग प्रमुख रजिम गणेश संयुक्त रूपमा तेस्रो स्थानमा रहनुभयो ।

महिला एकलतर्फ आर्किटेक्चर विभाग प्रमुख अर्चना बादे श्रेष्ठले उपाधि जित्नुभयो । आर्किटेक युरिका राजवंशी दोस्रो हुँदा कर्मचारी कृष्णलक्ष्मी गोसाईं र आर्किटेक सुनेना श्रेष्ठ संयुक्त रूपमा तेस्रो हुनुभयो ।

प्रतियोगिताका बाँकी विधाका खेल पनि क्रमशः सञ्चालन हुनेछन् । प्रतियोगिताले कर्मचारीबिच स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्नुका साथै कार्यस्थलमा समेत सकारात्मक ऊर्जा, सहकार्य र सामूहिकताको वातावरण निर्माण गर्ने अपेक्षा कलेज प्रशासनले गरेको छ ।

चन्दनकृष्ण श्रेष्ठलाई बधाई, कार्यालय प्रमुख भण्डारीलाई स्वागत

भक्तपुर, १६ कार्तिक । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले सङ्घका संस्थापक सदस्य एवं पूर्वअध्यक्ष चन्दनकृष्ण श्रेष्ठ नेपाल घरेलु तथा साना उद्योग महासङ्घको सल्लाहकार समितिमा मनोनीत हुनुभएकोमा बधाई तथा उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय भक्तपुरका नवनियुक्त कार्यालय प्रमुख भक्तबहादुर भण्डारीलाई स्वागत गरेको छ ।

कार्यक्रममा सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले लघु घरेलु तथा साना उद्यमीहरूको हकहित संरक्षण र प्रवर्द्धनमा मनोनीत हुनुभएका चन्दनकृष्ण श्रेष्ठले सहयोग गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

महासङ्घका कोषाध्यक्ष वीरेन्द्र जतिले कार्यालय प्रमुख भण्डारीलाई सफल कार्यकालको शुभकामना दिँदै कार्यालयको सहयोगमा भक्तपुरमा 'गो लोकल' कार्यक्रममार्फत पर्यटन प्रवर्द्धन भइरहेको जानकारी दिनुभयो ।

महासङ्घका केन्द्रीय सदस्य लक्ष्मण ग्वाछा र उपाध्यक्ष सत्यनारायण प्रजापतिले तालिम, सहकार्य तथा पर्यटनसँग उद्योग व्यवसायलाई जोडेर प्रवर्द्धन गर्नुपर्ने धारणा राख्नुभयो ।

सल्लाहकार समितिमा मनोनीत चन्दनकृष्ण श्रेष्ठले सङ्घले विगतमा अनौपचारिक रूपमा सञ्चालित उद्योगलाई दर्ता गर्न सहजीकरण गरेको स्मरण गर्दै आगामी दिनमा पनि उद्यमीलाई सहयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यालय प्रमुख भक्तबहादुर भण्डारीले सङ्घसंस्था तथा सरोकारवालासँग समन्वय र सहकार्य गरी कार्यालयका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा महिला उद्यमी समितिकी सभापति कमलश्वरी खर्बुजा र सहसचिव सुमित्रा श्रेष्ठले महिला उद्यमीहरूको भूमिका र सम्भावनाबारे धारणा राख्नुभयो ।

म्याग्दीमा मनसुनजन्य विपद्बाट करिब आठ सय घरपरिवार प्रभावित

म्याग्दी, १६ कार्तिक । म्याग्दीमा यस वर्षको मनसुनजन्य विपद्बाट करिब आठ सय घरपरिवार प्रभावित भएका छन् । ७८९ घरपरिवार पूर्ण, आंशिक क्षति भएका र जोखिममा परेर प्रभावित भएका विवरण सङ्कलन भएको हो । जनप्रतिनिधि, प्राविधिक र प्रहरीको टोलीले क्षतिको तथ्याङ्क सङ्कलन गरी मुचुल्का तयार पारेका छन् । विपद्बाट अन्नपूर्णमा पाँच र मालिकामा दुई जनाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताउनुभयो । बेनी नगरपालिका र अन्नपूर्णमा एक/एक जना बेपत्ता छन् । गत साउनमा बेनी नगरपालिका-३ भकिम्लीमा एक जनाको मृत्यु भएको थियो ।

प्रनाउ कार्कीका अनुसार जिल्लाभर २४३ घर पूर्ण र १८४ घरको आंशिक क्षति भएको विवरण सङ्कलन भएको छ । ३६२ घर बाढी, पहिरो र कटानका कारण जोखिममा परेका छन् । ३४ गोठ पूर्ण र ४६ वटामा आंशिक क्षति पुगेको छ भने १३ वटा विद्यालयमा आंशिक क्षति पुगेको छ ।

म्याग्दीका प्रमुख बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-बागलुङलगायत सडक, खानेपानी, सिँचाइ, विद्युतीकरण, जलविद्युत् आयोजना, प्रसारण लाइन, नदी नियन्त्रण योजनामा ठुलो क्षति पुगेको छ । कालीगण्डकी र म्याग्दी नदीमा आएको बाढीका कारण तटीय क्षेत्रमा कटान तथा बाढीको जोखिम बढेको छ ।

क्षतिको विवरण सङ्कलन पूरा हुँदासम्म सङ्ख्या थपिन सक्ने प्रशासनले जनाएको छ । प्रमुख जिल्ला अधिकारी गणेश गैरेले म्याग्दी उद्धार र राहतपछि अस्थायी बसोबासको व्यवस्थासँगै पुनर्निर्माणको चरणमा अघि बढेको जानकारी दिनुभयो ।

"मृतक र घरबास गुमाएकाहरूलाई उद्धार र राहत उपलब्ध गराई अस्थायी बसोबासको व्यवस्था मिलाउनेसँगै निजी आवास पुनर्निर्माणलाई तीव्रता दिन र व्यवस्थित बनाउन कार्ययोजना बनाएका छौं," उहाँले भन्नुभयो, "निजी आवास पुनर्निर्माणको काम आगामी २०८३ जेठ दोस्रो हप्ताभित्र सक्ने गरी कार्ययोजना तयार भएको छ ।"

समयतालिका निर्धारण गरेर तयार पारिएको १२ बुँदे कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको स्पष्ट जिम्मेवारी तोकिएको छ । हिमाली जिल्ला म्याग्दीका विपद् प्रभावितले निजी आवास पुनर्निर्माणका लागि रु. पाँच लाख अनुदान पाउने कार्यविधि छ ।

सरकारले असोज २१ गते म्याग्दीका बेनी नगरपालिका, अन्नपूर्ण, रघुगङ्गा, मालिका, मङ्गला र धवलागिरि गाउँपालिकालाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ । विपद् प्रतिकार्यका आकस्मिक काम गर्नका लागि पहिलो चरणमा सङ्घीय सरकारले रु. ४०/४० लाख अनुदान पठाएको छ । ***(रासस)***

चीनमा शृङ्खला खेल्ने नेपाली क्रिकेट टोलीको बिदाइ

काठमाडौं, १६ कार्तिक । चीनमा हुने 'बेल्ट एन्ड रोड यु-१९ सिरिज' मा सहभागी हुन जाने नेपाली महिला क्रिकेट टोलीको बिदाइ गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा आज यहाँ आयोजित कार्यक्रममा उक्त टोलीलाई बिदाइ गरेको हो ।

त्यस अवसरमा क्यानका उपाध्यक्ष रोशन सिंहले आगामी वर्ष हुने आइसिसी यु-१९ महिला विश्वकपको तयारीस्वरूप नेपाली टोलीले चीनमा सिरिज खेल्न लागेको जानकारी दिनुभयो । खेलाडीले पर्याप्त अभ्यासको अवसर पाएकाले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्दै उहाँले खेलाडीलाई परिपक्व खेल प्रदर्शन गर्न सुझाव दिनुभयो ।

टोलीका मुख्य प्रशिक्षक महेशप्रसाद रिजालले चीन भ्रमण खेलाडीका कमजोरी सुधार्ने र अनुभव हासिल गर्ने महत्त्वपूर्ण अवसर भएको बताउनुभयो । उक्त सिरिजले टोलीको समग्र क्षमता मूल्याङ्कन गर्दै आगामी प्रतियोगिताका लागि बलियो टोली निर्माण गर्न पनि सहयोग पुग्ने उहाँको भनाइ थियो ।

टोलीकी कप्तान सोनी पाख्रिनले उक्त प्रतियोगिताका लागि आफूहरू पूर्ण तयारी रहेकाले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो ।

क्यानका अनुसार 'बेल्ट एन्ड रोड सिरिज' भोलिदेखि यही कार्तिक २२ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालसहित आयोजक चीन, हङकङ र थाइल्याण्डको सहभागिता रहनेछ । नेपालले प्रतियोगितामा तीनवटै टोलीसँग प्रतिस्पर्धा गर्नेछ । ***(रासस)***

कार्की...

नागरिक समाजमा आबद्ध व्यक्तिहरू वैदेशिक सहयोगबाट चल्ने संस्थामा आबद्ध हुने त कल्पनासमेत गर्न सकिँदैन ।

सहकारी क्षेत्र

समुदायमा आधारित जसले विशेष गरी ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग पुऱ्याउने संस्थाहरू सहकारी हुन् । सदस्यता परिचालनबाट बचत वृद्धि, लगानी परिचालनबाट सदस्यहरूकै हित अभिवृद्धि गर्ने, वस्तु तथा सेवाको उत्पादन गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने जस्ता क्रियाकलाप सहकारीले गर्नुपर्दछ । तर, सहकारीहरूले ऋण र बचतमा मात्रै जोड दिने गरेको देखिन्छ ।

नेपालमा ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा सहकारी व्यापक रहेको पाइन्छ । सहकारीमा सदस्यहरूको बचत हिनामिना गर्ने समस्या देखिएका छन् । विगत केही समयदेखि सहकारी पीडितहरूको आन्दोलन र विरोधका कार्यक्रमहरू निरन्तर भइरहेका छन् । सहकारीमा देखिएका समस्या यति व्यापक भए कि सरकारले सहकारी समस्या समाधानको लागि सुझाव दिन २०७० सालमै आयोग बनायो । आयोगले सहकारी ऐनको मस्यौदासहित नियमनमा कडाइ गर्नुपर्ने सुझाव दियो । तर, ऐन बनाउँदा नै सहकारीलाई नियमनमा खुकुलो बनाइयो । जसको कारण जीबी राईजस्ताले आधा दर्जन बढी सहकारी खोलेर सर्वसाधारणको अर्बौं रूपैयाँ हिनामिना गरेर सहकारी नै डुबाइदिए । सरकारी निकाय मूकदर्शक भएर बस्यो । सहकारीको नियमनलाई प्रभावकारी बनाउन सहकारी नियमन प्राधिकरण पनि बनाइयो । तर, ठगिएका बचतकर्ताको बचत फिर्ता गराउनेतिर प्राधिकरणलाई कुनै अधिकार नै दिइएन । बचतकर्ताको आवाज कसैले नसुनेकै कारण बचतकर्ता सदैव जुलुस गरिरहेका छन् । अहिले फेरि सरकारले २०८२ माघमा चौथो सहकारी जाँचबुझ आयोग गठन गरेको छ । आयोग गठन र सुझावभन्दा पनि डुबेको बचत फिर्ता दिलाइनुपर्ने हो । सहकारी क्षेत्रमा भएको अनियमितता पनि भदौ २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलनको कारण थियो ।

सङ्क्षिप्त समाचार

कार्तिक २३ गते चित्तपोलमा न्हुदँ च्याली हुने

भक्तपुर, १६ कार्तिक । सूर्यविनायक प्रगतिशील सांस्कृतिक समाजको आयोजनामा यही कार्तिक २३ गते नेपाल संवत् ११४७ को अवसरमा न्हुदँ च्याली हुने भएको छ ।

समाजको सोमबार बसेको बैठक निर्णयअनुसार सूर्यविनायक नगरपालिका १० चित्तपोलको नलिन्चोक (मिलनचोक) बाट बिहान ७:३० बजेबाट सुरु हुने च्याली वडाको विभिन्न टोलमा परिक्रमापछि चित्तपोलको भद्रकाली मन्दिर, देउजागाउँ आधारभूत विद्यालयको प्राङ्गणमा पुगी सम्पन्न हुनेछ ।

एलपी ग्यास उद्योगलाई एकापसमा गाभिने

काठमाडौँ, १६कार्तिक । नेपाल आयल निगमले एलपी ग्यास उद्योगलाई एकापसमा गाभ्ने प्रक्रिया अघि बढाएको छ ।

निगमका निर्देशक विनितमणि उपाध्यायका अनुसार एपली ग्यास बिक्री वितरणलाई सहज बनाउन तथा उपभोक्ता हित प्रवर्द्धन गर्न विभिन्न नाम र ब्रान्डमा रहेका एलपी ग्यास उद्योगलाई एकापसमा गाभ्ने नीति लिएको हो । निगमले सबै उद्योगलाई पत्र लेख्दै गाभ्ने कार्ययोजना बनाई काम अगाडि बढाउन आग्रह गरेको छ । ***(रासस)***

कार्तिक १६ सम्म सात हजार ६८८ विपद्का घटना

काठमाडौँ, १६ कार्तिक । चालु वर्षको वैशाख १ गतेदेखि आज कार्तिक १६ गतेसम्म देशभर सात हजार ६८८ वटा विपद्का घटना भएका छन् ।

उक्त घटनामा परी ४०२ जनाको मृत्यु भएको छ भने १७ जना अझै बेपत्ता छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सर्पदंश, पहिरो, बाढी, चट्याङ, आगलागी, लेक लाग्ने, जनावरको आक्रमण, हिउँपहिरो, हावाहुरी, भारी वर्षा, डुङ्गा पल्टिने, वन डढेलो, विस्फोटन, असिना र भूकम्पलगायतका विपद्का घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार उक्त अवधिमा पहिरोबाट एक हजार ७३५, सर्पदंशका एक हजार ६६८, आगलागीका एक हजार ६४१, भारी वर्षाका ५९३, हावाहुरीका ५३७, बाढीका ४६६, जनावरको आक्रमणका ४१७ र चट्याङका ३३३ घटना भएका छन् ।

त्यसैगरी, वन डढेलोका १९२, लेक लाग्नेका ७९, हिउँपहिरोका छ, भूकम्पका नौ, असिनाका चार, डुङ्गा पल्टिनेका दुई, विस्फोटनको एक र अन्य पाँच घटना भएका छन् ।

विपद्का घटनामा परी सर्पदंशबाट ११६, पहिरोबाट ७७, बाढीबाट ४१, चट्याङबाट ३६, आगलागीबाट ३२, लेक लागेर २७, जनावरको आक्रमणबाट २३, हिउँपहिरोबाट १९, हावाहुरीबाट १६, भारी वर्षाबाट सात, डुङ्गा पल्टिएर पाँच, वन डढेलोबाट एक, विस्फोटनबाट एक र अन्य घटनामा पाँच जनाको मृत्यु भएको छ ।

विपद्का घटनामा परी हालसम्म दुई हजार ५२९ जना घाइते भएका छन् भने नौ हजार ८५७ परिवार विस्थापित भएका प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । भदौ १० गतेको रसुवाको भोटेकोशीको बाढीको विस्तृत क्षति विवरण प्रणालीमा समाविष्ट गर्न बाँकी रहेकाले यो तथ्याङ्कमा उल्लेख नगरिएको प्राधिकरणले जनाएको छ । ***(रासस)***



सयपत्री फूल टिप्दै किसान

तिहार पर्वलाई लक्षित गरी दाङको घोराही उपमहानगरपालिका-१७, गैरागाउँस्थित डिभाइन एग्रो फर्ममा उत्पादन गरिएको सयपत्री फूल बिक्रीका लागि टिप्दै किसान । घोराहीमा सयपत्री फूलको थोक मूल्य प्रतिकिलो रु. ३०० रहेको फूल व्यवसायीले बताएका छन् । *तस्विर: कुलदीप न्यौपाने/रासस*

काभ्रेमा अव्यवस्थित बसोबासीले जग्गा पाउन ढिलाइ

काभ्रेपलाञ्चोक, १६ कार्तिक । भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीको निवेदनप्रति यहाँका स्थानीय तहले प्राथमिकता नदिएको पाइएको छ । सरकारद्वारा गठित भूमि समस्या समाधान आयोगअन्तर्गतको जिल्ला समितिद्वारा स्थानीयस्तरबाट प्राप्त हुनुपर्ने निवेदनउपर कुनै चासो नदिइएको पाइएको हो ।

स्थानीय तहको बेवास्ताले भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन ढिलाइ पनि देखिएको छ । भूमिहीन परिवारलाई जग्गा उपलब्ध गराउन सरकारले आयोग गठन गरेर काम सुरु गरे पनि स्थानीय तहमा रहेका जनप्रतिनिधिले उनीहरूको समस्यालाई गम्भीर रूपमा नलिएको समितिले जनाएको छ ।

समितिका सदस्यसचिव एवं प्रमुख नापी अधिकृत अशोककुमार भुसालले भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीका स्थानीय तहमा जम्मा भएका जग्गा माग गरिएका निवेदलाई कानुनी प्रक्रिया पूरा गरेर समितिमा नपठाउँदा जग्गाको नापजाँचलगायतको काम गर्न नसकिएको बताउनुभयो । “यसबाट उनीहरूको समस्याप्रति जनप्रतिनिधि गम्भीर नभएको देखिन्छ,” उहाँले भन्नुभयो ।

नापी अधिकृत भुसालका अनुसार जिल्लाको तीन नगर पनौती, पाँचखाल र नमोबुद्धले कार्यालयमा प्राप्त निवेदनको तीनपुस्ते विवरणलगायत कानुनत: जिल्ला समितिमा निवेदन बुझाएका छन् । जिल्लाका अन्य नौ स्थानीय तहले जिल्ला समितिमा कुनै निवेदन नपठाएको भुसालको भनाइ छ । उहाँका अनुसार पाँचखालले ८३, पनौतीले ५० जना, नमोबुद्धले ६२ को तीनपुस्ते विवरणसहितको निवेदन पठाएको हो ।

पनौतीको ५० र नमोबुद्धको ४२ निवेदनको भूमि प्रशासन कार्यालयबाट पूर्णपुष्टि गरिएको भुसालले जानकारी दिनुभयो । पनौती- २ मा हालै मात्र जग्गा नापजाँचको काम सकिएको छ भने नमोबुद्धमा जग्गा नापजाँच गर्न प्रक्रिया अघि बढाइने तयारी गर्न लागिएको भुसालको भनाइ छ ।

समितिमा हालसम्म पाँचखालको ५२१, पनौतीका ७३, नमोबुद्धका ७६७, खानीखोला गाउँपालिकाको ४२० र रोशीको १३८ निवेदनगरी हालसम्म एक हजार ९१९ निवेदनको सातदिने सूचना प्रकाशन गरिएको छ ।

यसैगरी, पाँचखालबाट ९० भूमिहीन र ४३१ अव्यवस्थित गरी कुल ५२९ निवेदन, पनौतीका ७३ भूमिहीन, नमोबुद्धका एक हजार २२० निवेदनमा ३० निवेदन सिफारिस नभएको, खानीखोलाबाट ४८ भूमिहीन र ४१७ अव्यवस्थित, रोशीबाट १५५ को र महाभारत गाउँपालिकाबाट ६१ को निवेदन समितिमा प्राप्त भएको जनाइएको छ ।

रोशी गाउँपालिका अध्यक्ष दिनेश लामाले समितिद्वारा पठाइएको निवेदनउपर पुन: तीनपुस्ते माग भएकाले वडावडामा ‘सर्कुलर’ गरिएको बताउनुभयो । “छिट्टै भेरिफाई भए तिहार अघि नभए तिहारपछि बुझाउने योजनामा छौं,” उहाँले भन्नुभयो ।

समितिले स्थानीय तहबाट प्रक्रिया पूरा भई समितिमा सम्पूर्ण निवेदन प्राप्त भएमा भूमिहीन दलित र भूमिहीन सुकुमवासी नागरिकलाई ६ महिनाभित्र जग्गा नापजाँचगरी पुर्जा वितरण गर्न सकिने र अव्यवस्थित बसोबासीलाई भने एक वर्षको अवधिमा लालपुर्जा दिन सकिने जनाएको छ ।

जिल्लामा हालसम्म भू-सूचना प्रणालीमा जिल्लाको १३ स्थानीय तहका १८८ भूमिहीन दलित, ७६४ भूमिहीन सुकुमवासी र पाँच हजार ४७७ अव्यवस्थित बसोबासी गरी कुल छ हजार ४२९ जनाको निवेदन प्रविष्ट भएको छ ।

सरकारले गत जेठ तेस्रो साता नयाँ जिल्ला भूमि समस्या समाधान समिति गठन गरेसँगै समितिले काभ्रेपलाञ्चोकमा रहेका भूमिहीन सुकुमवासी, दलित र अव्यवस्थित बसोबासीका लागि जग्गा उपलब्ध गराउन काम अघि बढाएको थियो । समितिले जिल्लास्थित सङ्घीय तथा प्रदेशका सांसद, जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षसँग छलफल गरी छुट निवेदन पनि माग गरिएको जनाइएको छ । ***(रासस)***

भिमादमा सयपत्री फूलखेतीप्रति बढ्दो आकर्षण

दमौली (तनहुँ), १६ कार्तिक । तनहुँको भिमाद नगरपालिकामा सयपत्री फूलखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । स्थानीयस्तरमै फूल उत्पादन हुन थालेपछि चाडपर्वका बेला बाहिरबाट आयात गरिने फूलको विकल्प तयार हुँदै गएको छ । उत्पादन भएको फूललाई लामो समयसम्म ताजा राख्ने भण्डारण सुविधाको अभावले भने किसानलाई चिन्तित बनाएको छ ।

भिमाद नगरपालिका-५ र ६ का विभिन्न स्थानमा किसान तिहारलाई लक्षित गरी सयपत्री फूलखेतीमा जुटेका छन् । स्थानीय माटोमा फुलेका पहँला र सुन्तला रङका सयपत्रीले उनीहरूका बारीमात्रै सजाएका छैनन्, स्थानीय उत्पादनबाटै चाडपर्वको माग पूरा गर्न सकिने सम्भावना देखाएका छन् ।

भिमाद नगरपालिका-६ अन्तर्गत बाग्टारको बाँघकुनामा रेनु थापा, सिमबोट जलौदीमा जानुका थापा र बद्रिनाथ गैह्रे तथा ऋषिङ पाटनमा बालकृष्ण गैह्रेले सयपत्री फूलखेती गर्नुभएको छ । उहाँहरूले दुई-दुई रोपनी क्षेत्रफलमा फूलखेती गर्नुभएको हो ।

स्थानीय किसानलाई फूलखेतीतर्फ आकर्षित गर्न भिमाद नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्दै आएको छ । नगरपालिकाको कृषि विकास शाखामार्फत प्राप्त सहयोगले किसानलाई फूलखेती विस्तार गर्न प्रोत्साहन मिलेको कृषक रेनु थापाले बताउनुभयो ।

स्थानीयस्तरमा उत्पादन भएको फूलको प्रयोग बढाउन सके बाहिरबाट आयात हुने फूलमा निर्भरता घट्नुका साथै स्थानीय किसानको आम्दानी बढाउन सकिने अपेक्षा गरिएको उहाँको भनाइ छ ।

फूलखेतीमा आकर्षण बढे पनि उत्पादित फूलको व्यवस्थापन भने चुनौतीपूर्ण बन्दै गएको किसान बालकृष्ण गैह्रेले बताउनुभयो । चाडपर्वलाई लक्षित गरी उत्पादन गरिएको फूल समयमै बिक्री हुन नसके खेर जाने जोखिम हुने र फूल टिप्ने समय नजिकिँदै जाँदा त्यसलाई ताजा राख्ने उचित व्यवस्था नहुँदा लगानी र मिहिनेत खेर जाने चिन्ता थपिएको उहाँको भनाइ छ ।

सयपत्री फूल लामो समयसम्म ताजा राख्न आवश्यक चिस्यानयुक्त भण्डारण सुविधा नहुँदा बजारमा माग र आपूर्तिबीचको तालमेल मिलाउन कठिन हुन भएको किसान बद्रीनाथ गैह्रेले बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँ उत्पादन भएका सयपत्री फूललाई स्थानीय बजारमा प्राथमिकता दिनसके किसानको मिहिनेतको सम्मान हुनुका साथै आगामी वर्षमा थप क्षेत्रफलमा फूलखेती गर्न प्रेरणा मिल्नेछ ।” ***(रासस)***

देवदहमा तीनमहिने कथिन चीवर दान

रूपन्देही, १६ कार्तिक । रूपन्देहीको देवदहमा कथिन चीवर दान कार्यक्रम आयोजना गरिएको छ । यशोधरा भिक्षुणी विहार देवदह र त्रिरत्न वन्दना पुच: बुटवलको संयुक्त आयोजनामा आइतबार तीनमहिने वर्षावास पूरा गरेका भिक्षु तथा भिक्षुणीलाई पहिलोपटक कथिन चीवर दान गरिएको हो ।

विहार व्यवस्थापन समितिका सचिव तिलविक्रम बुढाथोकीका अनुसार कार्यक्रममा २० जना भिक्षु तथा भिक्षुणी सहभागी थिए ।

विहारमा श्रीलङ्काका चन्दनन्द भन्ते र अमेरिकाका श्रामणेर सुमनाले वर्षावास गर्नुभएको थियो । कार्यक्रममा देवदह, बुटवल, काठमाडौँलगायत देशका विभिन्न स्थान तथा भूटानबाट आएका उपासक-उपासिकाको सहभागिता रहेको थियो ।

स्थानीय पत्रकार विष्णु पोखरेलले बुद्ध शिक्षाले मानव जीवनमा मैत्री, करुणा, अहिंसा, सद्भाव र परोपकारको भावना विकास गर्न प्रेरित गर्ने बताउनुभयो । बुद्धका उपदेशलाई व्यवहारमा उतार्न सके समाजमा शान्ति, सहिष्णुता र आपसी सद्भाव कायम गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो ।

बौद्ध शिक्षाकाज्ञाता टङ्क सुनारले कथिन चीवर दान बौद्ध धर्मको महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक परम्परा भएको बताउनुभयो । वर्षावास पूरा गरेका भिक्षु तथा भिक्षुणीलाई चीवर दान गर्नु सङ्घप्रतिको श्रद्धा, त्याग र पुण्य सञ्चयसँग जोडिएको परम्परा भएको उहाँले उल्लेख गर्नुभयो ।

थेरवाद बौद्ध परम्परामा कथिन चीवर दानलाई अत्यन्त पवित्र र ऐतिहासिक महत्त्वको सङ्घदानका रूपमा लिइन्छ । वर्षायाममा तीन महिना वर्षावास बसेर साधना पूरा गरेका भिक्षु-भिक्षुणीलाई चीवर अर्थात् वस्त्र दान गर्ने परम्परालाई कथिन चीवर दान भनिन्छ । यो दान वर्षावास समाप्त भएपछि आश्विन पूर्णिमादेखि कार्तिक पूर्णिमासम्म गरिन्छ ।

बौद्ध परम्पराअनुसार कथिन चीवर दानको सुरुआत भगवान् बुद्धकै समयमा भएको मानिन्छ । पावाबाट आएका ३० जना भिक्षु वर्षावास पूरा गरी भगवान् बुद्धको दर्शन गर्न श्रावस्तीस्थित जेतवन विहारतर्फ जाँदै गर्दा वर्षाका कारण उनीहरूका चीवर भिजेर मैला भएका थिए । भिक्षुहरूको कठिनाइलाई ध्यानमा राख्दै भगवान् बुद्धले सङ्घको हितका लागि कथिन चीवर दानको परम्परालाई अनुमति दिनुभएको बौद्ध ग्रन्थमा उल्लेख छ ।

कथिन दान केवल वस्त्र प्रदान गर्ने कर्म मात्र नभई दान, त्याग, करुणा र सङ्घप्रतिको श्रद्धाको अभ्यासका रूपमा लिइन्छ । देवदहमा पहिलोपटक आयोजना गरिएको कार्यक्रमले यस क्षेत्रको बौद्ध सांस्कृतिक तथा आध्यात्मिक परम्पराको संरक्षण र बुद्ध शिक्षाको प्रचारप्रसारमा योगदान पुग्ने अपेक्षा गरिएको छ । ***(रासस)***

। सम्पादकीय ।

नेपाली कृषि भूमि मरुभूमि बनाउने सरकारहरू !

नेपालको तराई हरियो वनको कारण नेपालको धन थियो । आज हरियो वन तस्करको धन भएर समाप्त भयो । तराई अन्नको भण्डार पनि थियो । सरकारहरूले नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउँदा आज तराई बन्जर भयो । भविष्यका कर्णधार भनिएका कतिपय बालबालिका पनि विद्यालय बाहिर रहेको सार्वजनिक भयो । सुनसरी, दुहबी नगरपालिकाका मुसहर समुदायका बालबालिका विद्यालय बाहिर रहेको पुन: सार्वजनिक भयो । हातमा किताब हुनुपर्ने बालबालिकाहरू यतिबेला खेतखलियानमा बालश्रम गर्दै छन् । कतिपय बालबालिका अरुको खेतबारीमा ज्याला मजदुरी गर्न बाध्य छन् । सरकारमा पुग्ने दल र नेताहरू परिवर्तन भए तर जनताको जीवनमा परिवर्तन आएन ।

आफ्ना छोराछोरीलाई विद्यालयभन्दा खेतीपातीमा लगाउन बाध्य किसानहरू देशभरि धेरै छन् । यसरी दु:ख गरे पनि कतिपय किसान परिवारलाई हातमुख जोर्न गाह्रो छ । यतिबेला वर्षाको कारण कतिपय किसान आलु, काउली, धान, मुसुरो, तोरी खेतीमा क्षति खप्दै छन् । बाली लगाउने र भित्र्याउने काममा परम्परागत प्रणाली यथावत रहेको हुँदा किसानहरू थप मारमा परेका हुन् । कृषिमा प्रविधिको प्रयोग साना किसानलाई 'आकाशको फल आँखा तरी मर !' जस्तै भइरहेको छ । सरकारमा पुग्ने दल र नेताहरू नयाँ आए तर किसानको जीवनमा कुनै परिवर्तन आएन ।

सर्वोच्च अदालतले औषधीय, वैज्ञानिक, कृषि तथा बागबानी र औद्योगिक प्रयोजनका लागि गाँजाको नियन्त्रित व्यवसायिक खेती तथा उत्पादनको कानुनी व्यवस्था गर्न सरकारलाई परमादेश जारी गऱ्यो । यो परमादेशले साना किसानको हित कसरी हुने हो, निश्चित छैन । विद्यालय जान नपाएका गरिबका छोराछोरीहरू गाँजाको लतमा परेर बिग्रिने त होइनन् ? यो प्रश्न पनि उठिरहेको छ ।

उखु किसानले मूल्य नपाएको गुनासो यथावत छ । यसअगाडि उखु किसानहरू काठमाडौँ पुगेर धर्नासमेत बसेका थिए । यतिबेला उखु किसानहरूले प्रतिक्विन्टल १२ सय माग गरे पनि सरकार यो मूल्य तोक्न तयार नभएको सार्वजनिक भयो । मल, बीउ, सिँचाइ, इन्धन र श्रमको खर्च बढिरहेको छ । सरकारले समयमै उखुको मूल्य तोक्नुपर्नेमा सधैँ विलम्ब गर्छ । किसानको हित नहेर्ने सरकारहरू सधैँ 'नेपाल कृषिप्रधान देश' भनी दोहोऱ्याइरहन्छन् । कतिपय सरकारहरू नेपालको कृषिलाई विकास गर्ने भनी विदेशीसँग ऋण र अनुदान पनि लिन्छन् । अहिलेको सरकारले पनि विदेशी ऋण बढाउँदै छ तर कृषिलाई ध्यान दिएको छैन ।

खाद्यान्न बाली र पशुपालनमा नेपाल आत्मनिर्भर हुनसक्ने अवस्था छ । तर, सरकारहरूले कृषिलाई प्राथमिकतामा नराखेको हुँदा खेतबारी मरुभूमि बन्दै छ । खाद्यान्न, पशुजन्य खाद्यान्न र फलफूल विदेशबाट आयात भइरहेका छन् । सरकार नेपालका कृषि वैज्ञानिकहरूलाई वैदेशिक रोजगारीमा पठाएर रमाउँदै छ ।

सरकारहरू बिचौलिया अन्त्य गर्ने दाबी गर्छन् तर न्यायालयमा बिचौलियाको बिगबिगी भएको सार्वजनिक भयो । कृषि अनुदानमा पनि बिचौलिया रहेको पुरानो समाचार हो । कृषि मन्त्रीहरूसमेत कृषि अनुदानमा बिचौलियाको प्रभाव बढेको सार्वजनिक गर्छन् तर नियन्त्रण गर्न सक्दैनन् ।

राजनीतिको आत्मा नैतिकता हो भने...

- अभय श्रेष्ठ

बालेन सरकारको नैतिकता सबै हिसाबले सकियो । बालेन सरकार अनि नैतिकता ! यो आफैमा नमिल्ने कुरा हो । प्रहरीको कारबाहीबारे सरकारलाई केही थाहा छैन रे, यो कुन नतिकताले भनेको ?

रास्वपा राजनीतिको आत्मा नैतिकता हो भन्ने अलिकति पनि मान्छ भने अविलम्ब बालेनलाई राजीनामा गराऊ । टेर्दैन भने बर्खास्त गर्ने प्रक्रिया सुरु गरिहाल । संविधानमाथि यति निर्लज्ज प्रहार हुँदा पनि उसलाई बचाइराख्नुपर्ने कुनै ठाउँ बाँकी छ ? नत्र विरोधको वक्तव्यबाजी बन्द गर, यो नाटक मात्र ठहर्छ ।

अनि बालेन सरकारप्रति सफ्ट कर्नर राख्ने साथीहरू, सावधान ! मलाई लाग्छ, नयाँ पत्रिका स्वयम् पछिल्लो समय बालेनप्रति नरम र आशामुखी भइरहेझैं देखिन्थ्यो । उसकै कार्यालयमा कस्तो गरियो ? बालेन सरकार रहिरहँदा लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रता पक्षधर कसैको भविष्य सुरक्षित छैन ।

साभार : फेसबुक वाल

नेपाल–भारत सम्बन्धमा देखापरेका गलत समझदारी र सही समाधानका उपायहरू – ६

✍ नारायणमान बिजुक्छेँ (रोहित)

*(हाल रास्वपा सरकारका जिम्मेवार व्यक्तिहरू तथा मन्त्रीहरूले बिनाअध्ययन र जानकारी नेपाल–भारत सम्बन्धका बारेमा गलत अवधारणा र अभिव्यक्ति दिँदै आएको हुँदा सबै पाठकको लागि नेपाल–भारत सम्बन्धका गलत समझदारीहरू र सही समाधानका उपायहरूको लागि **नारायणमान बिजुक्छेँ (रोहित)** द्वारा लिखित '**नेपाल-भारत सम्बन्ध र भारत**' पुस्तकको खण्ड १ को अध्याय ३ लाई साभार गरिएको छ –सं.)*



> *भारत नै यस्तो पहिलो देश हो, जहाँको भित्ता-भित्ता र चोक चोकमा 'चिनेर रास्ता - हमर रास्ता' (चीनको बाटो-हाम्रो बाटो) लेखिएको छ । सायद, संसारमा भारतमै सबभन्दा बढी माओवादीहरू (जसलाई भारतमा मार्क्सवादी-लेनिनवादी र नक्सलवादी पनि भन्ने गर्छन्) जेलमा छन् ।*

यही कुरो क्षेत्री वा माथिल्ला जातिमा पनि लागू हुन्छ । राज्यशासनसँग नजिक रहेका, भाइ-भारदार, काजी, सैनिक अफिसर, सरदार र जमिनदार परिवार आर्थिकरूपले अरूको तुलनामा सम्पन्नै हुन्छन् । सरकारी सेवा र ज्ञानकै निम्ति ती परिवारका छोरा-छोरीहरू भारत गएर अध्ययन गर्थे । ब्राह्मण परिवारका छोरा-छोरीजस्तै तिनीहरू पनि भारतीय आन्दोलनमा आकर्षित भए, साथै भारत स्वयं एक दर्शनको भूमि रहेको हुनाले भारतीय प्रगतिशील तत्त्वकै सत्संगले तिनीहरू पनि मार्क्सवादी दर्शनसम्म पुगे । त्यस्तै राजधानीमा रहेका माथिल्ला नेवारहरू, शाह राणाहरूका चाकडीबाज- साहुमहाजन, कर्मचारी-नेवारहरूका छोरा-छोरीहरूले काठमाडौँमै वा भारतमा गएर पढ्ने सहुलियत पाएका थिए । जिल्ला-जिल्लाका सम्पन्न नेवारका छोरा-छोरीहरूले भारतमा गएर अध्ययन गर्थे । यसरी तिनीहरू पनि भारतको स्वतन्त्रता आन्दोलन र मजदुर आन्दोलनको प्रभावमा पुगे, मार्क्सवादी दर्शनसम्म पुगे । यसमा झन् सन् १९१७ को रुसी अक्टोबर क्रान्ति र दोस्रो विश्व युद्धपछि फासिस्ट शक्तिमाथि रुसी विजय, चिनियाँ क्रान्तिको सफल लहरले, दक्षिणपूर्वी एसियाको स्वतन्त्रता र मुक्ति आन्दोलनले नेपाली मार्क्सवादीहरूलाई नयाँ प्रेरणा र मानसिक खुराकहरू प्रदान गऱ्यो । बेलायती उपनिवेशवादीहरूको पिछलग्गू राणाशासनको दमन, शोषण र परतन्त्रताले नै नेपालीहरूलाई विद्रोही बनायो । त्यही विद्रोहको आगोले तिनीहरूलाई मार्क्सवादजस्तो सही र क्रान्तिकारी दर्शन र विज्ञानसम्म पुऱ्याइदियो । तिनीहरूको निम्ति मार्क्सवाद औपनिवेशिक शोषण र विदेशी हस्तक्षेपको विरोधमा लड्ने एक खँदिलो शस्त्र बन्यो । मार्क्सवाद-लेनिनवाद चीनको दर्शन नभई जर्मनी र रुसी भूमिमा विकास भएको सर्वहारावर्गको क्रान्तिकारी विचारधारा हो । नेपालमा त्यसको प्रवेश भारतीय स्वतन्त्रता आन्दोलन र मजदुर आन्दोलन सँगसँगै भारतबाटै पसेको थियो, त्यस्तै माओ त्सेतुङ विचारधारा पनि ।

अब श्रीमन नारायण र गलत बुझाइमा परेका भारतका नेपालविद्हरूलाई प्रस्ट हुनुपर्छ कि नेपाल-भारत सम्बन्धमा आउने गरेका तीतोपनामा नेवार जाति, मङ्गोल नस्ल (रगत) र तिब्बती-बर्मी भाषा दोषी छैनन् बरु स्वयं, भारतीय एकाधिकारी पुँजीको थिचोमिचो नै त्यस तितो-पिरोमा दोषी छ । बेलायती - भारतको छिमेकी देशहरूमाथिको उपनिवेशवादी नीतिलाई स्वतन्त्र भारतले पनि अगाडि बढाउन खोज्ने महत्त्वाकाङ्क्षा नै छिमेकी देशहरूसँगको विवादमा जिम्मेवार छ । नेपालमाथि 'चीनको प्रभाव', 'भारतविरोधी' र 'माओवादी प्रचारको अखडा' को हौवा देखाएर पश्चिमी देशहरूबाट सहानुभूति र आर्थिक सहयोग पाउने विचार भएका विद्वानहरू भारतमा नहोलान् भन्न सकिन्न, तर उहाँहरूले पहिले आफ्नो देशका जनताको भावनालाई माओ त्सेतुङ विचारधारा नराम्रो कुरो होइन, यो त करोडौँ-करोड जनताको साम्राज्यवाद र उपनिवेशवादविरोधी सङ्घर्षले खारिएको एक धारिलो हतियार हो । त्यो हाम्रो युगको सबभन्दा अगाडि बढेको दर्शन र विज्ञान हो । यो बीसौँ शताब्दीको ठुलो उपलब्धि हो । मानव सभ्यताको विकासमा चिनियाँ जनताको यो ठुलो योगदान हो, तर त्यो आज चीनको मात्रै नभएर संसारका सबै क्रान्तिकारी जनताको साझा सम्पत्ति भइसकेको छ । यसकारण, त्यस महान् विचारलाई देशको सीमाभित्र मात्रै घेर्ने कोसिस गर्नु सङ्कीर्णता र पुरानपन्थी विचार हो । भारतीय जनताले त्यस महान् विचारधारालाई अँगाल्नुमा अलिकति पनि आश्चर्य र खिन्न मान्नुपर्ने कुरा देखिन्न । यो भारतजस्तो दार्शनिक परम्परा भएको संवेदनशील र लगनशील देश र जनताको स्वाभाविक ग्रहणशीलताको एक उदाहरणमात्रै हो । भारत हिन्दू धर्म वा अरू अध्यात्मवादी दर्शनको थलोमात्रै होइन, बरु चारवाक र बुद्धजस्ता नास्तिक दर्शनको पनि थलो हो । आज भारत हिन्दू धर्मावलम्बीहरू सबभन्दा बढी सङ्ख्या भएको देशमात्रै होइन, संसारमा सबभन्दा बढी इस्लाम धर्म मान्ने मुसलमान जनसङ्ख्या भएको देश पनि हो । इसाई, जैन, सिख आदि विभिन्न धर्म र विश्वासको थलो पनि हो । त्यही विविध दार्शनिक प्रवृत्तिले गर्दा नै भारतीय जनताले पनि मानव सभ्यतामा ठुलो योगदान गर्न सकेको हो । त्यस्तै चीन पनि मानव सभ्यता र दर्शनको भूमि रहेर आएको छ । त्यही दार्शनिक परम्परा र औद्योगिक क्रान्तिले तयार पारेको नयाँ परिस्थितिले चीनमा मार्क्सवादी-लेनिनवादी दर्शनले जग हाल्यो र आज मानव सभ्यता र संस्कृतिमा नयाँ-नयाँ योगदानहरू दिँदै छ । भारतका महान् जनता पनि त्यसै गौरव प्राप्त गर्ने बाटोमा पछि पर्ने छैनन् भन्ने हाम्रो विश्वास छ, किनभने सानोबाट ठुलो हुने र काँचोबाट परिपक्व हुने त प्रकृतिको नियम हो । विकासको नियम हो, जो मानव समाजको विकासमा पनि लागू हुन्छ ।

> *एसियामा इन्डोनेसियापछि भारत नै कम्युनिस्ट आन्दोलन दबाउने देशहरूमा सबभन्दा अगाडि छ । यसकारण, भारतीय जनता स्वयं आफ्नो सरकारलाई 'फासिस्ट', 'अर्ध-फासिस्ट र तानाशाही' भन्दछन् । यस अर्थमा नेपाल होइन, भारत नै संसारमा सबभन्दा बढी 'माओवादको प्रचार' भएको र 'चीनको प्रभाव' भएको देश हो । माओ त्सेतुङ विचारधारा नराम्रो कुरो होइन, यो त करोडौँ-करोड जनताको साम्राज्यवाद र उपनिवेशवादविरोधी सङ्घर्षले खारिएको एक धारिलो हतियार हो । त्यो हाम्रो युगको सबभन्दा अगाडि बढेको दर्शन र विज्ञान हो । यो बीसौँ शताब्दीको ठुलो उपलब्धि हो ।*

हो, चीनसँग नेपालको सम्बन्ध राम्रो छ, किनभने त्यो सम्बन्ध नयाँ होइन, त्यसमा अरूले टाउको दुखाउनु वा ईर्ष्या गर्नु महानता होइन बरु इतिहासबाट आँखा चिम्लनु हो । भारतसँग नेपाली जनताको सामाजिक र सांस्कृतिक सम्बन्ध छ । नेपाल र भारतको सम्बन्ध इतिहास जत्तिकै पुरानो छ । त्यस्तै नेपाली र चिनियाँ जनताको सम्बन्ध पनि रगतको हो । नेपाल र चीनको सम्बन्ध पनि इतिहासभन्दा पुरानो छ । सामन्तवादी

बाँकी पृष्ठ ५ मा

यहुदी इजरायली समूहहरूद्वारा प्यालेस्टिनी समर्थन अस्वीकार !



✍ साइमन स्पिकम्यान कोर्डल

इजरायलको संसदीय निर्वाचनबाट केही निश्चित नतिजाहरू देखा परेका छन् । इजरायलमा आफूलाई 'यहुदीवादी' (Zionist) भनाउने विपक्षीहरूको विविध गठबन्धनसँग बहुमत पुगेको छैन । प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको 'लिकुड' सबैभन्दा ठुलो दल देखिएको छ तर यसको चुनावी गठबन्धनले सरकार गठन गर्न आवश्यक सीट सङ्ख्या भने प्राप्त गर्न सकेको छैन ।

तर, एउटा कुराको कुनै शङ्का छैन, इजरायलका प्यालेस्टिनी नागरिकहरूको मतदानमा देखिएको उल्लेख्य वृद्धि । यसले अरब दलहरूलाई संसद्मा एक निर्णायक शक्तिका रूपमा स्थापित गरेको छ । यदि कुनै प्रतिस्पर्धी पक्ष उनीहरूसँग सहकार्य गर्न तयार भएमा, कुन पक्षले सरकार बनाउने भन्ने कुरा निर्धारण गर्ने क्षमता उनीहरूसँग हुनसक्छ ।

गाजामा इजरायलले चलाएको नरसंहारकारी युद्ध र त्यहाँको सत्ता गठबन्धनको खुला जातीय भेदभाव (जसलाई विश्लेषकहरूले खुला नस्लवाद भनेका छन्) विरुद्धको आक्रोशले इजरायलका प्यालेस्टिनी नागरिकहरूलाई ठुलो सङ्ख्यामा मतदान केन्द्रसम्म पुग्न प्रेरित गऱ्यो ।

इजरायलमा मतदान गर्न योग्य प्यालेस्टिनी मतदाताहरूमध्ये करिब ८० प्रतिशतले मङ्गलबारको निर्वाचनमा भाग लिए । कुल जनसङ्ख्याको करिब २१ प्रतिशत हिस्सा ओगट्ने यो समुदायको सहभागितामा देखिएको यो उल्लेख्य वृद्धि हो ।

मतदानमा देखिएको सहभागिताले इजरायलका प्यालेस्टिनी नागरिकहरूको प्रतिनिधित्व गर्ने दुई मुख्य चुनावी समूहहरू, 'युनाइटेड अरब लिस्ट' (रा-आम) र 'जोइन्ट लिस्ट' लाई १२० सदस्यीय संसद्मा कुल १९ सीट दिलाएको छ । यसले उनीहरूलाई आगामी सरकार कसले गठन गर्ने भन्ने निर्णय गर्ने प्रक्रियामा निर्णायक भूमिका खेल्ने अवस्थामा पुऱ्याउन सक्छ ।

तर, जनसमर्थनको यो व्यापक लहरलाई स्वीकार गर्नुको साटो, इजरायलका प्रमुख राजनीतिज्ञहरूले उनीहरूको मतलाई विदेशी हस्तक्षेपको परिणाम भनी अवैध ठहऱ्याउने वा आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गरिरहेका प्यालेस्टिनीहरूको कदमलाई 'चुनाव चोर्ने प्रयास' को रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेका छन् ।

अरब मतको कुनै अर्थ छैन

यस नतिजालाई 'इजरायलको इस्लामीकरण' सुनिश्चित गर्ने प्रयासको रूपमा चित्रण गर्दै, नेतन्याहूको सत्तारुढ लिकुड पार्टीले इजरायलको आन्तरिक सुरक्षा निकाय 'शिन बेट' लाई एउटा आग्रह गरेको छ, प्यालेस्टिनीहरूको ठुलो सहभागितामा विदेशी निर्वाचन हस्तक्षेपको सम्भावनाबारे अनुसन्धान गरियोस् । यसो गर्दा, उनीहरूले अरब मतको वैधतामाथि नै प्रश्न उठाएका छन् र भविष्यमा विपक्षी दलहरूले अरब दलहरूसँग गठबन्धन गर्ने कुनै पनि प्रयासलाई विवादास्पद वा कलङ्कित बनाएका छन् ।

नेतन्याहूको सरकारलाई भ्रष्ट, अक्षम र इजरायलको अन्तर्राष्ट्रिय प्रतिष्ठामा आँच पुऱ्याउने सरकारको रूपमा आलोचना गरे तापनि, इजरायलको यहुदी-नेतृत्वमा रहेको विपक्षी खेमाको ठुलो हिस्सा उनलाई सत्ताबाट हटाउन प्यालेस्टिनी दलहरूको समर्थन लिन हिचकिचाइरहेको छ ।

वामपन्थी डेमोक्र्याटहरू प्यालेस्टिनी दलहरूसँग सहकार्य गर्ने सम्भावना सबैभन्दा बढी भएका समूह हुन् । अर्कोतर्फ, विपक्षी खेमाका नेताहरूले या त यस्तो गठबन्धनको विरोध गरेका छन् वा प्यालेस्टिनी मतदाताहरूको सहभागितामा भएको वृद्धिलाई विदेशी शक्तिहरूको योजनाबद्ध हात रहेको भन्ने आरोपलाई पूर्ण रूपमा अस्वीकार गर्नबाट पछि हटेका छन् ।

निर्वाचनको रात, पूर्वप्रधानमन्त्रीहरू नाफ्ताली बेनेट र याइर लापिडले सरकारमा प्यालेस्टिनी दलहरूसँग मिलेर बस्ने सम्भावनालाई अस्वीकार गरे । यद्यपि, सन् २०२१-२२ को आफ्नो छोटो कार्यकालको सरकारमा उनीहरूले तिनै दलहरूको समर्थन लिएका थिए ।

बिहीबार, विपक्षी दलका अर्का प्रमुख नेता तथा 'यिस्रायल बेतेनु' दलका कट्टर दक्षिणपन्थी नेता एभिग्डोर लिबरम्यानले पनि प्यालेस्टिनी दलहरूसँग गठबन्धन गर्ने सम्भावनालाई अस्वीकार गरे । उनले आफू 'न त बिबी, न त तिबी' सँग मिलेर बस्ने बताए । यहाँ उनले नेतन्याहुको प्रचलित उपनाम 'बिबी'को प्रयोग गरे भने, व्यापक प्यालेस्टिनी समूहको प्रतिनिधि गर्ने पात्रका रूपमा 'जोइन्ट लिस्ट' अन्तर्गतको एक हिस्सा रहेको 'ता-आल' पार्टीका नेता अहमद तिबीबारे उल्लेख गरे ।

"चुनाव प्रचारका क्रममा नै मतदाताहरूको ठुलो सहभागिता हुने स्पष्ट भइसकेको थियो," प्यालेस्टिनीहरूको बाहुल्य रहेको बालाद पार्टीबाट उम्मेदवार बनेकी ओर्ली नोयले भनिन् । (सत्ताधारी) गठबन्धनले गाजामा कुनै रातो रेखा नभएको देखाएको थियो र इजरायलका प्यालेस्टिनीहरूले आफूहरू पनि त्यसको अर्को निशानामा पर्न सक्ने महसुस गरे । मानिसहरू बढ्दो अपराध र (अति-दक्षिणपन्थी राष्ट्रिय सुरक्षा मन्त्री) इतामार बेन-गभिरको नेतृत्वमा रहेको प्रहरी बलको अर्को कार्यकाल सामना गर्न सक्दैनन् ।"

"अक्टोबर ७ (सन् २०२३) यता प्यालेस्टिनीहरूसँग भएका थोरै अधिकारहरू पनि क्रमश: खोसिँदै गएका छन् । उनीहरूसँग बाँकी रहेको अन्तिम अस्त्र, अरू सबै सरह समान हैसियत दिने एक मात्र माध्यम, उनीहरूको 'मत' थियो । त्यसैले उनीहरूले ठुलो सङ्ख्यामा मतदान गरे, तर अहिले त्यो अधिकारलाई पनि कमजोर पार्ने र त्यसको वैधतामाथि प्रश्न उठाउने काम भइरहेको देखिन्छ" उनले भनिन् ।

सबै मतपत्रहरूको गणना भइसक्दा, नेतन्याहु-समर्थक समूहसँग ५३ सीट छन् भने नेतन्याहुविरोधी विपक्षी यहुदी समूहसँग ४८ सीट छन् । यद्यपि, प्यालेस्टिनी दलहरूसँग रहेका १९ सीटहरू जोड्दा, संसद्मा बहुमत नेतन्याहुको विपक्षमा देखिन्छ ।

"प्रतिपक्ष र प्रेसले यसलाई किन तीनपक्षीय विभाजनका रूपमा हेरिरहेका छन् ? अन्य कुनै पनि तर्कसङ्गत लोकतन्त्रमा, मानिसहरूले यसलाई विपक्षीको अत्यधिक जित र नेतन्याहुको अस्वीकृतिको रूपमा व्याख्या गर्ने थिए, तर हामी त्यसो गरिरहेका छैनौं," नोयले भने ।

"यसको सट्टा, हामी विपक्षी खेमाका केही पक्षहरू नेतन्याहुसँग मिलेर एक प्रकारको 'राष्ट्रिय एकता सरकार' गठन गर्नेबारे कुरा गरिरहेको सुन्दै छौं । बहुमत जुटाउन अरबहरूसँग सहकार्य गर्न अस्वीकार गर्ने यी दलहरूको व्यवहारले उनीहरू कतिसम्म जातिवादी छन् भन्ने मात्र होइन, उनीहरू कति गहिरो रूपमा अलोकतान्त्रिक छन् भन्ने पनि देखाउँछ," उनले भनिन् ।

त प्यालेस्टिनीहरूको यो दाबीलाई नै जियोनिस्ट विचारधाराको अस्वीकारका रूपमा हेर्ने गर्छन् । तर, राजनीतिक विश्लेषक निमरोड फ्लास्चेनबर्गका अनुसार, यो असहमतिमा इजरायलको भविष्यबारे आधारभूत रूपमा फरक दृष्टिकोणहरू लुकेका छन् ।

"इजरायलको मूलधारको राजनीति धेरै हदसम्म यहुदी सर्वोच्चताको मान्यतामा आधारित हुनाले, अरब समुदायको मतलाई एउटा चुनौतीका रूपमा हेरिनु स्वाभाविकै हो," उनले भने । धेरैको तर्क छ कि सन् २०१८ को 'नेसन स्टेट ल' - जसले राष्ट्रिय आत्मनिर्णयको अधिकारलाई यहुदीहरूमा मात्र सीमित गरेको छ; यो धारणा इजरायलको राज्य नीति नै बनेको छ ।

"इजरायलको नागरिक हुनुको अर्थ के हो, इजरायल कसरी सञ्चालन गरिनुपर्छ र यो कसको हितका लागि हुनुपर्छ भन्नेबारे यहाँ भिन्न धारणाहरू छन्," उनले भने । "यी आधारभूत मतभेदहरू हुन्, निस्सन्देह यिनलाई त्यसो भन्न सकिन्छ - तर यिनले ती सबैको जरोमा रहेको जातीय विभेदलाई भने लुकाउन सक्दैनन् ।"

जोइन्ट लिस्टका हिब्रू अभियान निर्देशक मौरिसियो ल्यापचिक भन्छन्, "उनीहरू केवल यहुदी आवाजहरू समेटेर सरकार बनाउन चाहन्छन् । यदि यी नतिजा कुनै अर्को लोकतान्त्रिक मुलुकमा आएको भए र कसैसँग यस्तो बहुमत हुँदाहुँदै पनि उनीहरूले चुनाव जितेको दाबी गर्न नपाउनु त पागलपन नै मानिन्थ्यो होला । तर इजरायलमा भने, अरबहरूको आवाजलाई यहुदीहरूको आवाजसरह मान्यता नदिइने भएकोले यहाँ हामी विजयको कुरा गर्न सक्दैनौं ।"



इजरायलको प्यालेस्टिनी नेतृत्वको संयुक्त सूची राजनीतिक गठबन्धनका समर्थकहरू अक्टोबर २७, २०२६ मा उत्तरी इजरायली सहर नाजेरेथमा गठबन्धनको अभियान मुख्यालयमा जयजयकार गर्दै । *(एएफपी)*



इजरायलको मध्य-वामपन्थी राजनीतिक गठबन्धन जोइन्ट लिस्टका नेता युसेफ जबारिन र अन्य सदस्यहरू, सन् २०२६ अक्टोबर २७ का दिन उत्तरी इजरायली सहर नासरतस्थित उक्त गठबन्धनको चुनावी मुख्यालयमा खुसी मनाउँदै । *(एएफपी)*

भिन्न दृष्टिकोणहरू

जानाजानी आफूलाई यहुदीवादी भनेर चिनाउने विपक्षी र समान राष्ट्रिय तथा नागरिक अधिकारको दाबी गर्ने (तर यहुदीवाद अस्वीकार गर्ने) प्यालेस्टिनी अल्पसङ्ख्यक समुदायबिच राजनीतिक मतभेदहरू विद्यमान छन् । कतिपयले

नेपाल...

युगको तुलनामा नेपाल र चीनको आजको सम्बन्ध साह्रै तर्कपूर्ण छ, जो पञ्चशीलमा आधारित छ । इतिहासमा नेपालले चीनलाई 'पिता सरह' मानेको थियो । त्यस्तै राणाकालीन नेपालले बेलायती साम्राज्यवादको षड्यन्त्रमा परेर तिब्बत वा चीनमाथि आक्रमण पनि गरेको थियो । भारतका नेपालविद्हरू नेपाललाई भारतको विरोध गर्न चीनले उक्साएको ठान्छन् । तर, नेपालको उत्तेजना फैलाउने चीनका आलोचकहरू बेलायती साम्राज्यवादले काँगडादेखि सिक्किमसम्मको हजारौं किलोमिटर इलाका भारतमा मिलाएको 'सुगौली सन्धि' ताका नेपाललाई 'पिता सरह' को चीनले सैनिक सहयोग नदिएकोमा 'चीनले धोखा दिएको' मान्ने गर्दछन् (हेर्नुस् मदनमणि दीक्षितको 'भू-राजनीतिको आधार र अर्थ के ?' र 'विशेष सम्बन्ध-निरर्थक विवाद' रूपरेखा सङ्ख्या १८०- १८१ ।) सन् १७९२ मा सम्पन्न भएको नेपाल-चीन सन्धिको पाँचौं दफामा कुनै विदेशी शक्तिले नेपालमाथि आक्रमण गऱ्यो भने चीनले नेपाललाई मद्दत गर्नुपर्नेछ भन्ने बन्दोबस्त गरिएको थियो । नेपालका चीनका आलोचकहरू त बङ्गलादेश र सिक्किम काण्डबारे लक्ष्य गरेर भन्छन्, "पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाको तरुल भने तापनि त्यो तरुललाई दक्षिणी ढुङ्गाले सन् १८१६ मा सुगौलीले पेल्दा उत्तरको चीनले टुलुटुलु हेरिरहेको र... नेपाललाई त्यस्तो जीउज्यानको मर्का पर्दा आफ्नो वचनविरुद्ध चीनले धोखा दिएको उदाहरण उन्नाइसौं शताब्दीमा चीन निर्बल रहँदामात्र पाइएको होइन कि बीसौं शताब्दीमा चीन बलियो भएपछि पनि दक्षिण एसियामा कैयौं मुलुकले देखेकै हुन् ।' भारतका नेपालविद्हरूले बुझ्नुपर्छ कि नेपालका केही पक्ष चीनबाट के चाहन्छन् ? तिनीहरू माओवादी होइनन् बरु माओवादविरोधी तत्त्व हुन् । तर, नेपालमा राणाविरोधी सङ्घर्षपछि र चीनको जनवादी क्रान्तिपछि त्यो पुरानो सामन्ती र शत्रुतापूर्ण सम्बन्ध खत्तम भएर नेपाल र चीनको बिचमा पूर्ण समानता र पञ्चशीलको आधारमा सम्बन्ध विकास हुँदै गयो । भारतसँग पनि यस्तै सम्बन्ध होस् भनी नेपालका सबै जातिका जनता चाहन्छन् । बेलायती भारतदेखि स्वतन्त्र भारतसम्मै भारतको पक्षमा रगत बगाउने नेपालीहरूमा राई, लिम्बु, गुरुङ, मगर र तामाङजस्ता मङ्गोल रगत नै सबभन्दा बढी छन् । माथिका सबै तथ्यहरूले नेवार वा मङ्गोल रगत वा केही जनसमुदाय 'चीन-समर्थक', 'भारतविरोधी' र 'माओवादी' हुन् भन्ने कुरो असत्य र भ्रम साबित हुन्छ ।

नेपाली र भारतीय जनता महान् छन् । तिनीहरू सँगसँगै साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्दै आएका छन् । महान् जनताको बिचमा पूर्ण समानता र पञ्चशीलको आधारमा मैत्री सम्बन्ध विकास गर्नु सुहाउँदो र लाभदायक कुरा हो किनभने दुवै देश सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र विकासशील देश हुन् । आकार, जनसङ्ख्या, विकासको स्तर र समस्याहरू फरक-फरक भए पनि साम्राज्यवाद र उपनिवेशवादका बाँकी बक्यौताको विरोधमा सङ्घर्ष गर्नु दुवै देशको समान समस्या हो, दुई महाशक्तिको प्रभुत्ववादको विरोध गर्नु साझा समस्या हो । ठुलो राष्ट्र अहङ्कारवाद, सङ्कीर्ण र अन्य राष्ट्रवादको विरोधमा सङ्घर्ष गर्नु दुवै देशको भित्री र साझा सङ्घर्ष हो, जसलाई हामी आफ्नो स्वार्थको विरोधमा सङ्घर्ष गर्नु भन्दछौं । पञ्चशील र असंलग्न परराष्ट्र नीतिको आधारमा बलियो, सम्पन्न र ठुलो राष्ट्रलाई भौतिक र प्राविधिकरूपले गरिब, सानो, निर्बलियो र पछि परेको राष्ट्रलाई नि:स्वार्थ, निश्चल र विनासर्तको सहयोग र सहायता दिने र आपसी भलाइ हुने विवेकशील सम्बन्धको सिद्धान्तको आधारमा मैत्री सम्बन्धलाई विकास गर्दा दुई देशको बिचमा देखापरेका सबै खिचलो, तानातानी र अप्ठ्यारा समस्याहरू एक-एक गरेर सुल्झिने छन् र शङ्का-उपशङ्का, वैमनस्य, मनोमालिन्य र कटुता सबै घाममा हिउँ पग्लेजस्तै पग्लेर बिलाएर जानेछन् । यसमा हामीले इतिहासबाट शिक्षा लिनुपर्छ । थिचोमिचो गर्ने हरेक सम्पन्न, ठुलो र सैनिकरूपले बलियो देश दलित, पीडित, साना, निर्बलिया र गरिब देशहरूबाट हारेर साँघुरिएको छ ।

गरिब, सानो, निर्बलियो, छिन्न-भिन्न र थिचिएका देशहरूले सधैं अन्तमा आफूलाई एक स्वतन्त्र, लडाकु, बलियो र एकीकृत भएको राष्ट्रमा फेर्दै आएका छन् । पुरानो अति आक्रामक हिन्दू साम्राज्य होस् वा चंगेज खाँको मङ्गोल साम्राज्य होस्, नयाँ युगको स्पेनियाली साम्राज्य होस् वा 'कहिले सूर्य नडुब्ने' बेलायती साम्राज्य होस्, नेपोलियनको 'सदा विजयी' फ्रान्सेली साम्राज्य होस् वा आस्ट्रो-हङ्गेरी साम्राज्य होस्, विश्व विजयको महत्त्वाकाङ्क्षी इटाली र जर्मनीको फासीवाद र नाजीवाद होस्, जापानको आक्रामक सैन्यवाद होस्, सबैमा त्यही द्वन्द्ववाद लागू भयो । आज संरा अमेरिका र रुसी सामाजिक-साम्राज्यवाद दुई महाशक्तिमा पनि यही द्वन्द्ववाद लागू हुनेछ । इतिहास बडो निर्मम हुन्छ, ठुलो राष्ट्रको अहङ्कार र अति महत्त्वाकाङ्क्षा भएको सबै अन्यायी र आक्रामक शक्ति हरेक न्यायोचित र रक्षात्मक आक्रान्त शक्तिबाट पराजित हुँदै आएको छ । भियतनाम, लाओस र कम्बोडिया यसका उदाहरण हुन् । क्युवा र गिनी बिसाउजस्ता साना देश यसका अर्का उदाहरण हुन् ।

नेपाल-भारत सम्बन्धको प्रसङ्गमा पनि हामीले इतिहासबाट शिक्षा लिन सक्यौं भने दुई देशको बिचमा सुमधुर सम्बन्ध विकास हुने अवश्यम्भावी छ । यसलाई हामी द्वन्द्वात्मक प्रणाली वा इतिहासबाट लिएको नकारात्मक शिक्षा भनौं । नेवारी भाषामा एक उखान छ- 'तिमी जे रोप्छौ, त्यही उम्रनेछ ।' नेपाल र नेपाली जनताबारे कुनै निर्णय र दृष्टिकोणलाई कायम गर्दा पूर्वधारणा वा विदेशी लेखकहरूको पत्रपत्रिका र पुस्तकहरूको आधारमा टुङ्गोमा पुग्नु हुन्न भन्ने हाम्रो ठम्याइ छ । नत्र श्रीमन नारायण र भारतका अरू नेपालविद्हरूको ठम्याइ र निर्णयजस्तै भ्रमपूर्ण, गलत र अहितकर हुनेछ । नेपाल र नेपाली जनतालाई बुझ्न नेपाली लेखकका किताबहरू अध्ययन गर्नुपर्छ अनि नेपाल र नेपाली भावनालाई बुझ्न सकिनेछ । त्यस भावनालाई चोट नपुऱ्याउन माथिका मित्रताका विवेकशील सिद्धान्त नै नेपाल-भारत सम्बन्धका गलत बुझाइ हटाउने सही उपाय हुनसक्नेछ ।

१२ मार्च १९७७

समाप्त



अमेरिकी गठबन्धन र साउदी अरेवियाको सक्रियतामा यमनमाथि भइरहेको निरन्तर हमलाबिच हुथी विद्रोही समूह अन्सारअल्लाह नियन्त्रित यमनको राजधानी सानामा गरिएको सैन्य प्रदर्शन नोभेम्बर २, २०२६ को दिन । हुथी नेतृत्वले आफ्नो देशको विकास पूर्वाधारमाथि हमला र नोक्सानीको निम्ति सादी अरेवियासित बदला लिइने दोहोऱ्याएका छन् । *तस्बिर : एपी*

यमनको तेल प्रशोधन केन्द्रमा साउदी आक्रमण सात जना घाइते : हुथी

साना, २ नोभेम्बर (एएफपी) । साउदी अरेबियाले रेड सी पोर्ट र होदेइदाह प्रान्तको तेल प्रशोधन केन्द्रमा आक्रमण गरी सात जनालाई घाइते बनाएको यमनका हुथीहरूले सोमबार बताएका छन् ।

हाल विश्वको सबैभन्दा गरिब देशहरूमध्ये एकमा पर्ने यमनमा गृहयुद्धपछि यमनको अन्तर्राष्ट्रिय मान्यताप्राप्त सरकारलाई समर्थन गर्ने साउदी नेतृत्वको गठबन्धनसँग इरान समर्थित समूहले लडिरहेको छ ।

रस इसा बन्दरगाहमा साउदी गठबन्धनले गरेको आक्रमणमा चार जना सर्वसाधारण घाइते भएको उल्लेख गर्दै बाजिल जिल्लाको तेल प्रशोधन केन्द्रमा भएको आक्रमणमा थप तीन जना घाइते भएको हुथी स्वास्थ्य मन्त्रालयका प्रवक्ता अनीस अलसबाहीले सामाजिक सञ्जाल एक्सको पोस्टमा बताउनुभएको छ ।

तेल प्रशोधन केन्द्रहरू र महत्त्वपूर्ण बन्दरगाहहरूमा बारम्बार आक्रमणहरू अन्तर्राष्ट्रिय मानवीय कानुनको स्पष्ट उल्लङ्घन भएको उल्लेख गर्दै यमनमा नागरिक र महत्त्वपूर्ण पूर्वाधारहरूलाई लक्षित गर्ने युद्ध अपराधहरूको शृङ्खलामा थप जोड दिएको उहाँले बताउनुभयो ।

हुथीहरूको अल-मसीरा टिभी च्यानलले यसअघि साउदी अरेबियाले रास इसा बन्दरगाहमा एउटा घाट र व्यापारिक जहाजमा आक्रमण गरेको बताएको थियो ।

होदेइदाहमा हुथीहरूको नियन्त्रणमा रहेको सबैभन्दा ठुलो बन्दरगाह हो भने यो उनीहरूको कब्जामा रहेका क्षेत्रहरूमा खाना र सहायताको लागि प्रमुख प्रवेश बिन्दु भएको जनाइएको छ । सहरको उत्तरमा रहेको रास इसा बन्दरगाहले तेल आयात र भण्डारण गर्ने काम पनि गर्छ ।

हुथी मिडियाले पनि सोही प्रान्तको होदेइदाह विश्वविद्यालयको मेडिसिन सङ्कायलाई लक्षित गरी आइतबार आक्रमण भएको रिपोर्ट गरेको छ ।

साउदी नेतृत्वको गठबन्धनले हुथीहरूले प्रयोग गर्ने महत्त्वपूर्ण स्रोतहरूलाई असफल बनाउन एक सटीक अपरेसन गरेको बताएको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार यमनमा युद्ध सुरु भएदेखि एक हजार ६०० भन्दा बढी मानिसहरू मारिएका छन् भने तीन लाखभन्दा बढी विस्थापित भएका छन् ।

भेनेजुयलामा विद्रोही शिविरमा आक्रमण, १९ जनाको मृत्यु

काराकस, २ नोभेम्बर (एएफपी) । भेनेजुयलाको सेनाले पश्चिमी अपुरे राज्यमा रहेको कोलम्बियाली विद्रोही समूह नेसनल लिबरेसन आर्मी (इएलएन) को शिविरमा गरेको आक्रमणमा कम्तीमा १९ जनाको मृत्यु भएको छ । शुक्रबार बिहान ड्रोन र आक्रमणकारी हेलिकप्टरबाट गरिएको हमलामा मारिने अधिकांश भेनेजुयलाका नागरिक रहेको सैन्य स्रोतले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा मानव अधिकार उल्लङ्घनको निगरानी गर्ने गैरसरकारी संस्था फन्डारेड्सका संयोजक जुआन फ्रान्सिस्को गार्सियाले आक्रमणमा सुरुमा नौ जनाको मृत्यु भएको र भोलिपल्ट थप १० शव सान फर्नान्डो लगिएको बताउनुभयो ।

नाम सार्वजनिक नगर्ने सर्तमा एक सैन्य स्रोतले आक्रमणमा अमेरिकी गुप्तचर निकाय सिआइए र एफबीआईको सहयोग रहेको तथा यो अमेरिकी आदेशमा गरिएको दाबी गरे । यसबारे अमेरिकी विदेश मन्त्रालय र भेनेजुयला सरकारले तत्काल प्रतिक्रिया दिएका छैनन् ।

भेनेजुयला र कोलम्बियाबिचको दुई हजार २०० किलोमिटर लामो सीमावर्ती क्षेत्रमा लागुऔषध तस्करी, अवैध खनन र अन्य तस्करीमा संलग्न सशस्त्र समूह सक्रिय छन् । सन् २०१६ मा फार्क विद्रोही समूहले कोलम्बिया सरकारसँग शान्ति सम्झौता गरेपछि इएलएन ल्याटिन अमेरिकाको सबैभन्दा शक्तिशाली विद्रोही समूह बनेको छ ।

मानव अधिकार अधिवक्ता तथा सैन्य मामिलाकी विशेषज्ञ रोसियो सान मिगुएलले पछिल्लो आक्रमणले भेनेजुयलाको सैन्य नीतिमा परिवर्तन आएको सङ्केत गरेको बताउनुभयो । सैन्य स्रोतले सीमावर्ती क्षेत्रमा थप विद्रोही शिविर रहेको आशङ्का गर्दै खोजी अभियान जारी राख्ने जनाएको छ ।

अमेरिकाले गत जनवरीमा निकोलस मदुरोलाई सत्ताच्युत गरेपछि भेनेजुयलाको नीतिमा आएको परिवर्तनसँग पनि यो कारबाही जोडिएको हुन सक्ने बताइएको छ । मदुरोकी पूर्वसहयोगी डेल्सी रोड्रिगेजको नेतृत्वमा रहेको सरकारले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थन पाएको छ ।

कोलम्बियाका नवनिर्वाचित कट्टर दक्षिणपन्थी राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले इएलएन र लागुऔषध तस्करीमा संलग्न समूहविरुद्ध कडा कारबाही अघि बढाइरहेका बेला यो घटना भएको हो । कोलम्बिया लागुऔषध तस्करी र सङ्गठित अपराध नियन्त्रण गर्न अमेरिकी नेतृत्वमा सञ्चालित क्षेत्रीय प्रयासमा अन्य एक दर्जनभन्दा बढी ल्याटिन अमेरिकी तथा क्यारिबियन राष्ट्रसँग सहभागी छ ।

इरानसँगको सङ्कटमा सैन्य समाधान पर्याप्त नहुने यूएईको भनाइ

मनामा (बहराइन), २ नोभेम्बर (एपी) । संयुक्त अरब इमिरेट्स (यूएई) का राष्ट्रपति सल्लाहकार अनवर गर्गशले इरानसँगको बढ्दो तनाव समाधान गर्न सैन्य उपायभन्दा कूटनीतिक तथा राजनीतिक पहललाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ । सैन्य समाधानले सङ्कट थप जटिल बनाउने र तत्काल निकास दिन नसक्ने उहाँको भनाइ छ ।

बहराइनमा आयोजित सुरक्षा सम्मेलनमा उहाँले अमेरिका र इरानबिचको अडानमा ठुलो दूरी रहेकाले वार्ताबाट निकास ननिस्किए गम्भीर परिणाम आउन सक्ने चेतावनी दिनुभयो । इरानी विदेशमन्त्री अब्बास अराघचीले भने हर्मुज जलडमरु पुन: खोल्ने प्रस्तावबारे वार्ताका लागि इरानी प्रतिनिधिमण्डल कतारमा रहेको र इरान कूटनीति तथा आत्मरक्षा दुवैका लागि तयार रहेको बताउनुभएको छ ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलको संयुक्त आक्रमणबाट सुरु भएको युद्धमा यूएईले तीन हजारभन्दा बढी ड्रोन तथा ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमण सामना गरेको थियो । त्यसयता खाडी मुलुकहरूले रक्षा क्षमता विस्तारमा अर्बौं डलर खर्च गरेका छन् ।

बहराइनका विदेशमन्त्री अब्दुल्लातिफ बिन राशिद अल जायानीले इरानले समुद्री मार्ग, हवाई क्षेत्र र सञ्चार पूर्वाधारलाई लक्षित गरी क्षेत्रीय स्थिरतामा खतरा उत्पन्न गरेको आरोप लगाउनुभयो । आइआइएसएसका अनुसार युद्धको उत्कर्षमा इरानले बहराइनतर्फ पाँच सय ड्रोन र करिब दुई सय ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो ।

सम्मेलनमा खाडी सहयोग परिषद्का सदस्य राष्ट्रबिच साझा रक्षा रणनीतिको अभाव पनि प्रमुख चिन्ताका रूपमा उठेको थियो । गर्गशले गम्भीर सुरक्षा सङ्कटका बेला खाडी मुलुकहरू सामूहिक रूपमा अघि बढ्न नसकेको स्वीकार गर्दै क्षेत्रीय सहकार्य आवश्यक रहेको बताउनुभयो ।

विश्व सङ्क्षेप

बङ्गलादेशमा तलब वृद्धिको माग गर्दै गार्मेन्ट कामदारको आन्दोलन

ढाका, २ नोभेम्बर (एएनआई) । न्यूनतम मासिक ज्याला १२ हजार ५०० टाकाबाट बढाएर ३० हजार टाका पुऱ्याउन माग गर्दै बङ्गलादेशका गार्मेन्ट कामदारले थालेको आन्दोलन तेस्रो दिनमा प्रवेश गरेको छ । सुरक्षा जोखिमका कारण गाजीपुरका धेरै कारखाना बन्द भएका छन् ।

ढाकानजिकै कोनाबारी र चन्द्र क्षेत्रमा प्रदर्शन जारी छ । सरकारले तलब निर्धारण गर्न बोर्ड गठन गरे पनि कामदारको आन्दोलन रोकिएको छैन । कारखाना सञ्चालकले बजारको माग घटेको र कच्चा पदार्थ आयात महँगिएको भन्दै माग पूरा गर्न कठिन रहेको बताएका छन् ।

सरकारले आन्दोलनलाई राजनीतिक अस्थिरता सिर्जना गर्ने प्रयाससँग जोडेको छ । गृहमन्त्री सलाहुद्दीन अहमदले सीमापारबाट आन्दोलन उक्साइएको आरोप लगाउनुभएको छ । बङ्गलादेशको गार्मेन्ट उद्योगले कुल निर्यात आम्दानीको ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ भने करिब ४० लाखलाई प्रत्यक्ष रोजगारी दिएको छ । तीमध्ये ६० देखि ७० प्रतिशत महिला छन् ।

अमेरिकी मध्यावधि चुनावमा डेमोक्रेटको अग्रता

वासिङ्टन, २ नोभेम्बर (एएनआई) । अमेरिकी मध्यावधि चुनावको पूर्वसन्ध्यामा डेमोक्रेटिक उम्मेदवारले रिपब्लिकनको पकड रहेका पाँच राज्यमा सिनेटको प्रतिस्पर्धामा अग्रता लिएका छन् । न्युयोर्क टाइम्स र सिएना विश्वविद्यालयको सर्वेक्षणले आयोवामा पनि कडा प्रतिस्पर्धा देखाएको छ ।

टेक्सासमा जेम्स तालारिकोले रिपब्लिकन केन प्याक्सटनलाई ५०-४३ प्रतिशत, कन्सासमा क्रिस ह्यामिल्टनले रोजर मार्सललाई ४९-४४ प्रतिशत र मेनमा ग्राहम प्लाटनरले सुसान कोलिन्सलाई ५१-४५ प्रतिशतले पछाडि पार्नुभएको छ । ओहायोमा सेरोड ब्राउन र अलास्कामा मेरी पेल्टोला पनि आफ्ना रिपब्लिकन प्रतिस्पर्धीभन्दा अगाडि हुनुहुन्छ । आयोवामा डेमोक्रेट जोश टुरेकले ४८ र रिपब्लिकन एस्ले हिन्सनले ४७ प्रतिशत समर्थन पाउनुभएको छ । मिशिगनमा डेमोक्रेटिक उम्मेदवार अब्दुल एल-सायेद ५३ प्रतिशतसहित अगाडि हुनुहुन्छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पप्रतिको असन्तुष्टि र बढ्दो जीवनयापन खर्च चुनावका प्रमुख मुद्दा बनेका छन् । सर्वेक्षण गरिएका सात राज्यमा ट्रम्पको कार्यसम्पादनलाई ३८ प्रतिशतले मात्र समर्थन गरेका छन् । जीवनयापन खर्चको मुद्दामा डेमोक्रेटहरूले रिपब्लिकनमाथि नौ प्रतिशत अङ्कको अग्रता लिएका छन् । सिनेटमा बहुमत हासिल गर्न डेमोक्रेटहरूले रिपब्लिकनका कम्तीमा चार सिट जित्नुपर्नेछ । नोभेम्बर ३ मा हुने चुनावमा प्रतिनिधिसभाका सबै ४३५ र सिनेटका ३५ सिटका लागि मतदान हुँदैछ । सर्वेक्षणले डेमोक्रेटहरूलाई सिनेटको नियन्त्रण प्राप्त गर्ने सम्भावना देखाए पनि अन्तिम नतिजा मतदाताको निर्णयमा निर्भर रहनेछ ।

इरानमाथि आक्रमण गर्न नेतन्याहुको दबाब !

वासिङ्टन, २ नोभेम्बर (एएनआई) । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अमेरिकी मध्यावधि निर्वाचनलगत्तै इरानमाथि सैन्य कारबाही पुन: सुरु गर्न राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आग्रह गरेको एक प्रतिवेदनले जनाएको छ । समाचार संस्था एक्सियोसका अनुसार शनिबार दुई नेताबिच इरानसँगको वार्ता र सम्भावित सैन्य कारबाहीबारे टेलिफोनमा छलफल भएको थियो । ट्रम्पले भने आइतबार फोन वार्ता 'धेरै राम्रो' भएको दाबी गरे ।

नेतान्याहु सैन्य कारबाहीका पक्षमा रहनुभएको र ट्रम्प तत्काल वार्ता जारी राख्न चाहनुभएको प्रतिवेदनमा उल्लेख छ । ट्रम्पले कूटनीतिक प्रयाससँगै सैन्य विकल्प पनि खुला राख्नुभएको जनाइएको छ ।

यसैबिच, अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानका राष्ट्रिय सुरक्षा प्रमुख मोहसेन रेजाईलाई वार्ता पुन: सुरु गर्ने सम्भावनाबारे पत्र पठाएका छन् । कतारी मध्यस्थकर्ताले पनि लगातार तेस्रो दिन इरानी अधिकारीहरूसँग भेटवार्ता गरेका थिए ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले भने वार्तामा सहमति भइनसकेको बताउँदै कूटनीतिक समाधानका लागि प्रयास भइरहेको जनाउनुभएको छ । उहाँले अमेरिकाले कूटनीतिक मार्ग रोज्ने अपेक्षा व्यक्त गर्नुभएको छ ।

भारतको पूर्वी तटतर्फ दोस्रो चक्रवात र भारी वर्षाको चेतावनी

नयाँदिल्ली, २ नोभेम्बर (एएफपी) । एक साताभन्दा कम अवधिमा भारतको पूर्वी तटतर्फ दोस्रो चक्रवात अघि बढेपछि आन्ध्र प्रदेश र तमिलनाडुमा भारी वर्षाको चेतावनी दिइएको छ । भारतको मौसम विज्ञान विभागका अनुसार 'मुरासु' नामक चक्रवात सोमबार मध्यरात वा मङ्गलबार बिहान तटीय क्षेत्रमा प्रवेश गर्ने अपेक्षा गरिएको छ ।

मौसम विभागका अनुसार चक्रवातले दक्षिणी आन्ध्र प्रदेशको तट पार गर्दा प्रतिघण्टा १०० देखि ११० किलोमिटर र अधिकतम १२० किलोमिटरसम्मको गतिमा हावा चल्न सक्छ । आँधी नेल्लोर र नरसापुरबिच, ओङ्गोल सहरनजिकै तटमा प्रवेश गर्ने अनुमान गरिएको छ ।

मुरासु अघिल्लो चक्रवातभन्दा कमजोर हुने अपेक्षा गरिए पनि यसले पहिले नै प्रभावित क्षेत्रमा थप भारी वर्षा गराउन सक्ने जनाइएको छ । गत बुधबार आएको 'अर्नब' चक्रवातले आन्ध्र प्रदेशको तटीय क्षेत्रमा भारी वर्षा गराउँदा कम्तीमा तीन जनाको मृत्यु भएको थियो ।

मौसम विभागले तीव्र हावाले कमजोर घरमा क्षति पुऱ्याउन, छाना उडाउन र रूख ढाल्न सक्ने चेतावनी दिएको छ । यसबाट खेतमा रहेका बाली, फलफूलका बगैँचा तथा अन्य कृषि उत्पादनमा समेत क्षति पुग्न सक्छ ।

बङ्गालको खाडी र उत्तरी हिन्द महासागर क्षेत्रमा चक्रवात नियमित जोखिमका रूपमा रहने गरेका छन् । उत्तरी अटलान्टिकमा यस्ता आँधीलाई हरिकेन र प्रशान्त महासागरमा टाइफुन भनिन्छ । एएफपीका अनुसार पछिल्लो चक्रवातको प्रभाववाट भारतको पूर्वी तटीय क्षेत्रका बासिन्दा फेरि प्रभावित हुन सक्ने देखिएको छ ।

‘नयाँ पुस्ता’ कथासङ्ग्रह अध्ययन गर्दा– १

✍ सुवर्ण श्रेष्ठ

साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित ‘नयाँ पुस्ता’ कथासङ्ग्रहमा समेटिएका कथाहरूमा कथाकारले प्रस्तुत गर्न खोज्नुभएको विषयवस्तुलाई सङ्क्षेपमा उल्लेख गरिएको छ ।

१. ‘एक संवाद’ शीर्षकको कथामा

नेपाली युवाहरू रोजगारीको लागि आफ्नो परिवारको घर-जग्गा बन्धकी राखी चर्को ब्याजदरमा ऋण लिई विदेश जान्छन् । यसको लागि गाउँका म्यानपावर कम्पनीका मानिस (शासक दलका हर्ताकर्ता) हरूले सहयोग गरेका हुन्छन् । परिणामस्वरूप गाउँघरमा खेतीपाती गर्ने युवाहरू, निर्माणमा काम गर्ने ज्यामीहरूसमेत पाउन छाडेका छन् र कृषि भूमि बाँझो रहेका छन् ।

२. ‘कल्पना’ शीर्षकको कथामा


९ वटा खण्डमा बन्धु र अञ्जनाको साथै स्थानअनुसार अन्य पात्रहरू उल्लेख गरी संवादको रूपमा कथा लेख्नुभएको छ ।

खण्ड १ मा पुँजीवादमा व्यावसायिक समाचार पत्र र अन्य प्रचार मिडियाहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विदेशी लगानी हुने र समाजवादलाई जनताबिच प्रचार गर्न नभई नाफाको निम्ति काम गर्छन् । संवाददाता, लेखक र सम्पादकहरू जनतालाई सचेत पार्न लागे पनि (चाहना राखे पनि) मालिकहरू त्यसको पक्षमा हुँदैनन् । सांसद र नेताहरू समेत विदेशी पुँजीपतिवर्गको काम गर्छन् ।

खण्ड २ मा प्रौढताले मानिसलाई परिपक्व, शिष्ट, सदाचारी एवम् शालीन बनाउँछ भन्ने कुरा उल्लेख गरेको छ । सङ्गठनमा पुराना साथीहरू शारीरिक रूपले कमजोर हुने र आधुनिक प्रविधिलाई युगसँगै अगाडि बढाउन नसक्ने हुन्छन् भने २०-३० वर्षका नयाँ पुस्ता १०० मा २०-२५ जना राम्रा र जनताको सेवामा समर्पणबारे उत्साहित हुन्छन् । पहिलेका सङ्गठनका साथीहरू आ-आफ्नो स्वार्थ र हितलाई छोडेर सामूहिक र वर्गीय हितको लागि विभिन्न गतिविधि र आन्दोलनमा लागेका थिए । नयाँ पुस्ता पढेलेखेका, २-३ भाषा जान्ने र गुणात्मक बाहुल्यताको आन्दोलनमा लाग्दै छ ।

खण्ड ३ मा गरिब र श्रमिक परिवारबाटै उठेका साथीहरू रातदिन काममा जुटे, नगरका विभिन्न विषयहरूलाई व्यवस्थित गरे र निर्णय तहमा पुगे तर पनि नागरिक भावना, चेतनाको स्तर बढाउने, कुलत घटाउनेजस्तो काममा अपेक्षाकृत सफलता मिलेको छैन । केही वर्षसम्म देशको आधा बजेट स्थानीय तहमार्फत विकास निर्माणमा लगाइएमा विकेन्द्रीकरण हुने र देशको विकास छिटो हुने तथा देशको आधा समस्याको समाधान स्थानीय जनताले गर्न सक्छन् । समयमा नै आफ्ना जहान परिवारलाई सैद्धान्तिक रूपले तयारी नगर्दा घरको सहयोग पाउन गाह्रो हुने र घरायसी समस्याले पिरोल्ने हुन्छ ।

खण्ड ४ मा प्रजातन्त्रको दुई खम्बा राजनीतिक दलहरू र निर्वाचित सरकार हुन् । यी दुवै खम्बाहरूमाथि जनताको विश्वास हराउँदै



जानु भनेको शासक दल र सरकारहरू निरङ्कुश हुन् भन्ने अर्थ लाग्छ । राजतन्त्रमा राजकुमार र राजकुमारीहरूजस्तै प्रजातन्त्र र गणतन्त्रमा नेताहरूका छोराछोरीहरूका कमी कमजोरीले गर्दा देशमा ठुलो समस्या सिर्जना हुन्छ ।

खण्ड ५ मा राजनीति आफ्नो सबै इच्छालाई देश र जनताको हित र सेवाको निम्ति त्याग्नुपर्ने सङ्कल्प हो । तर, आफ्नो सम्पत्ति जोगाउन तथा निश्चित जाति, वर्ग, भाषाभाषी र स्वार्थीहरूको इच्छा पूरा गर्न सरकारमा पुगेकाले आमूल परिवर्तन गर्न सक्दैनन् । चीनलाई हेर्ने दृष्टिकोणको आधारमा पश्चिमी देशका बुद्धिजीवीहरू दुई ध्रुवमा बाँडिएका छन् । संरा अमेरिकाको अभिभावकत्वको भूमिका आवश्यक छैन । पूर्वी र दक्षिण एसियाबाट संरा अमेरिकाको रक्षापङ्क्ति पश्चिमी गोलार्द्धमा सार्न बाध्य हुँदै छ ।

खण्ड ६ मा जनतालाई राजनीतिबाट वितृष्णा हुनुका कारणमा उपप्रधानमन्त्रीले प्रधानमन्त्रीको, पार्टी उपाध्यक्ष, सचिवले पार्टी अध्यक्षको, उपमेयरले मेयरको इर्ष्या गर्ने र पार्टी कार्यकर्ताहरू नेताका आँखा छलेर ठेकेदारहरूसँग पैसा लिने गर्दा हुन् । दिल्लीका कर्मचारीतन्त्रसम्म अरबौं रकम पुऱ्याउने गर्दा योजनाले पूर्णतया सफलता पाएको छैन । स्थानीय निकायको १३-१४ वर्षसम्म निर्वाचन नगर्दा विकास निर्माणका कार्यहरू प्राय: बन्द भए भने नयाँ पुस्तामा अराजकता बढ्यो । राजनीतिक दलहरूले कार्यकर्ताहरूलाई दर्शन, सिद्धान्त, नीति र समाजको आमूल परिवर्तनबाट हुने परिणामबारे शिक्षित र दीक्षित पार्नुपर्दछ । अनि मात्र नेता, कार्यकर्ता, शिक्षक, व्यापारी, उद्योगपति, कर्मचारी, ऐना, प्रहरी, गुप्तचर आदि सेवाका सबै जनताले देशको हितलाई प्राथमिकता दिई विदेशी हस्तक्षेप, शोषण र दलालहरूमार्फत देशमा अशान्ति मच्चाउने विदेशी शक्तिको विरोधमा सङ्घर्ष गर्दै जान सकिन्छ ।

खण्ड ७ मा सरकारहरूले आन्दोलनका सहयोद्धाहरूलाई बिर्सेकाले ताजुब लाग्दछ । ढलको नाउँ वा आवरणमा ‘प्रजातन्त्रवादी’ कम्युनिस्ट, राष्ट्रवादी, मधेसवादी राखे पनि सोहीअनुसार व्यवहार भएको छैन ।

खण्ड ८ मा नेपालमा सोभियत सङ्घका पुस्तकहरू र पत्रपत्रिकाको बिक्रीको ठेक्का भारतीय गुप्त कूटनीतिक व्यापारीहरूले पाए । अनेकौं महँगा पुस्तकहरू काठमाडौंको पसलबाट बिक्री गरे पनि सय भागको एक भाग मात्र नेपाली पाठकहरूको हातमा पुग्थ्यो । अरु सबै पुस्तकहरू भारत पुग्थे ।

खण्ड ९ मा राजनीतिक गतिविधिमा शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, विज्ञान र प्रविधि आदिबारे आफ्ना तर्कहरू प्रस्तुत गर्नु पनि पर्छ । अन्तरक्रिया, छलफल र भेटघाटले जिल्ला-जिल्ला र गाउँ-गाउँसम्म जनतालाई शिक्षित पार्न सकिन्छ । सार्वजनिक र निजी भवन-सम्पत्तिमा तोडफोड गर्नु, आगजनी गर्नु ध्वंस र उपद्रव हो । लुटपिट, हत्या-हिंसा, पक्षपात, जातिवाद र साम्प्रदायिकताको गतिविधि गर्नु अराजनीतिक क्रियाकलाप हो । वर्गीय र राजनीतिक कक्षा सञ्चालन अगाडि बढ्दा २०-२५ वर्षमा योग्य, नैतिकवान् र इमानदार नागरिक र कार्यकर्ता तयार हुन्छन् । राजनीतिप्रति फैलिएको वितृष्णा समाप्त हुनेछ । विचार माथिबाट तलतिर प्रवाह हुन्छ । विद्यालय, कलेज र विश्वविद्यालय कर्मक्षेत्र हुन् । राजनीतिमा धेरै धैर्य आवश्यक हुन्छ ।

सिकाइका लागि डर, कर र रहरको दार्शनिक चेतना

✍ इकुश्रे

संसारमा जन्मिएदेखि मृत्युपर्यन्त अविराम चलिरहने एउटा सार्वभौम प्रक्रिया हो - सिकाइ । मानिसले जानेर वा नजानेर, हाँसेर वा रोएर, सचेत वा अचेत रूपमा हरेक क्षण केही न केही सिकिरहेको हुन्छ । औपचारिक विद्यालयको चारकुने कोठा होस् वा खुला प्रकृति, जीवनको हरेक मोड एउटा खुला पाठशाला हो । तर, जब हामी विद्यालयीय शिक्षा, ज्ञानको प्राप्ति र सीपको आर्जनका कुरा गर्छौं, तब एउटा सनातन प्रश्न हाम्रो मस्तिष्कमा उभिन्छ - मानिस वास्तवमा कसरी सिक्छ ? सिकाइका सम्बन्धमा अनगिन्ती शैक्षिक सिद्धान्त, नियम, सूत्र र विधिहरू प्रतिपादन भएका छन् । जोन लकको ‘टाबुला रासा’ को दार्शनिक अवधारणाले मानव मस्तिष्कलाई जन्मका समयमा कोरा कागजसरह मानेको छ भने, स्किनरको कार्यपरक अनुबन्धन र पाभ्लोभको शास्त्रीय अनुबन्धनले सिकाइका मनोवैज्ञानिक तथा वैज्ञानिक आधारहरू प्रस्तुत गरेका छन् । यी विभिन्न प्राज्ञिक अवधारणाको सार के हो भने, प्रभावकारी सिकाइका लागि अनुकूल वातावरण, प्रेरणा, अनुभव र सुदृढीकरण आवश्यक हुन्छन् । तर, यी जटिल शैक्षिक सिद्धान्तहरूलाई एकछिन पर राखेर सिकाइको मर्मलाई अत्यन्त सरल र जीवनोपयोगी ढङ्गले अभिव्यक्त गर्ने हो भने भन्न सकिन्छ, “सिकाइका लागि खासगरी डर, कर र रहर भए पुग्छ ।” यो छोटो तर अर्थपूर्ण अभिव्यक्तिले मानव मनोविज्ञानका तीनवटा महत्त्वपूर्ण आयामलाई उजागर गर्छ । बालकदेखि प्रौढसम्मको सिकाइ यात्रामा यी तीन तत्त्वको भूमिका कस्तो हुन्छ भन्ने कुराको चर्चा नै यस लेखको मूल अभीष्ट हो ।

डर मानिसको सबैभन्दा आधारभूत जैविक तथा मनोवैज्ञानिक संवेगमध्ये एक हो । विकासवादी दृष्टिकोणबाट हेर्दा डरले मानव अस्तित्वको रक्षामा महत्त्वपूर्ण भूमिका खेलेको छ । यदि हाम्रा पुर्खाहरूमा जङ्गली जनावर, प्राकृतिक विपत्ति र प्रतिकूल परिस्थितिसँग डराउने प्रवृत्ति नभएको भए मानव जातिको अस्तित्व नै सङ्कटमा पर्न सक्थ्यो । यही डर जीवनका अन्य क्षेत्रमा जस्तै शिक्षाको क्षेत्रमा पनि प्रवेश गर्छ र अनुशासन तथा तात्कालिक उत्प्रेरणाको माध्यम बन्छ । एउटा सानो बालकले आगोमा हात हाल्दा पोल्छ भन्ने अनुभव गर्छ । त्यसपछि उसमा आगोसँग सावधान रहनुपर्ने चेतना विकास हुन्छ । यो अनुभवबाट प्राप्त सिकाइ हो, जसलाई शिक्षाशास्त्रमा एडवर्ड थोर्न्डाइकको ‘प्रभावको नियम’ सँग जोडेर बुझ्न सकिन्छ । थोर्न्डाइकका अनुसार सन्तोषजनक परिणाम दिने व्यवहार दोहोरिने सम्भावना बढी हुन्छ भने असन्तोषजनक परिणाम दिने व्यवहार कमजोर हुनसक्छ । विद्यालयमा गृहकार्य नगर्दा शिक्षकको गाली खानुपर्छ वा परीक्षामा अनुत्तीर्ण हुँदा अप्ठ्यारो परिस्थितिको सामना गर्नुपर्छ भन्ने डरले पनि विद्यार्थीलाई पढ्न र काम पूरा गर्न प्रेरित गर्न सक्छ । प्रारम्भिक अवस्थामा डरले विद्यार्थीलाई लापरबाही गर्नबाट रोक्न, समयमै काम गर्न र बाह्य अनुशासन कायम राख्न सहयोग पुऱ्याउन सक्छ । तर, डरले बाटो देखाउन त सक्छ, गन्तव्यसम्म पुऱ्याउन सक्दैन । डरका कारण विद्यार्थीले केही समयका लागि पाठ कण्ठ गर्न वा गृहकार्य पूरा गर्न त सक्छ, तर त्यसबाट दिगो ज्ञान र स्वतन्त्र चिन्तनको विकास हुन्छ नै भन्ने छैन । बरु, अत्यधिक डरले विद्यार्थीभित्र रहेको जिज्ञासा र सिर्जनात्मकतालाई कुण्ठित बनाउन सक्छ । जब विद्यार्थी शिक्षकको गाली, दण्ड वा परीक्षाको त्रासका कारण मात्र पढ्छ, तब उसको सिकाइ यान्त्रिक र क्षणिक बन्न पुग्छ । परीक्षा सकिएपछि बिर्सिने ज्ञानले जीवनलाई खासै समृद्ध बनाउन सक्दैन । त्यसैले डरलाई सिकाइको स्थायी आधार होइन, आवश्यक सतर्कता र अनुशासनको सीमित माध्यमका रूपमा मात्र लिनु उपयुक्त हुन्छ ।

डरको अर्को सामाजिक तथा व्यावहारिक रूप हो - कर अर्थात् बाध्यता । जीवनका हरेक मोडमा मानिसले आफ्नो इच्छाविपरीत पनि केही यस्ता कुरा सिक्नुपर्ने हुन्छ, जुन उसका लागि अपरिहार्य हुन्छन् । आधुनिक समाजको संरचना र प्रतिस्पर्धालाई हेर्दा शिक्षा रुचि वा रहरको विषय मात्र रहेन; यो जीवनयापन, आत्मनिर्भरता र सामाजिक अस्तित्वको आवश्यकता पनि बनेको छ । “आज मैले केही सिकिनँ भने भोलि जीवनमा अगाडि बढ्न सक्दिनँ, रोजगारी पाउन सक्दिनँ र परिवारको जिम्मेवारी पूरा गर्न सक्दिनँ” भन्ने सोचले मानिसलाई सिकाइतर्फ धकेल्छ । यही हो कर, अर्थात् परिस्थितिले सिर्जना गरेको बाध्यता । भोक मेट्न अन्न उत्पादन गर्न सिक्नुपर्छ, आधुनिक समाजमा प्रतिस्पर्धा गर्न प्रविधि र भाषा सिक्नुपर्छ अनि परिवारको लालनपालन गर्न कुनै न कुनै पेसा वा सीपमा दक्ष हुनुपर्छ । यहाँ सिकाइको सुरुआत रहरले भन्दा पनि आवश्यकताले गराएको हुन्छ । फ्रान्सेली दार्शनिक जाँ-जाक रुसोले प्राकृतिक र स्वतन्त्र वातावरणमा बालबालिकाको सिकाइलाई महत्त्व दिएका थिए । तर, आधुनिक समाजको जटिलताले मानिसलाई अनेकौं कुरा आवश्यकताका कारण सिक्न बाध्य बनाएको छ । कतिपय अवस्थामा सुरुमा बाध्यता वा आवश्यकताले सुरु गरिएको सिकाइ पछि गएर रुचि, दक्षता, पेसा र स्थायी बानीमा रूपान्तरण हुन्छ । सुरुमा गणित वा विज्ञान गाह्रो लागेर बाध्यताले अध्ययन गरेको विद्यार्थी पछि त्यही विषयमा रुचि बढाउँदै उत्कृष्ट वैज्ञानिक वा प्राविधिक बन्न सक्छ । यसरी करले मानिसलाई निष्क्रियताबाट बाहिर निकालेर कर्मशील बन्न प्रेरित गर्छ । त्यसैले, जीवनका कतिपय आवश्यक सिकाइमा करको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

यसरी डर र करले मानिसलाई सिकाइको प्रक्रियामा प्रवेश गराउन सक्छन्, तर सिकाइलाई जीवनको अभिन्न अङ्ग बनाउन भने रहर आवश्यक हुन्छ । जबसम्म मानिसभित्र कुनै विषयप्रति स्वाभाविक जिज्ञासा, रुचि र आन्तरिक चाहना जाग्दैन, तबसम्म मौलिक आविष्कार, उच्चस्तरको कला, दर्शन, साहित्य र सिर्जनात्मक चिन्तनको विकास कठिन हुन्छ । जसरी नाच्ने रहर जागेपछि नर्तकी आफ्नै ताल र लयमा रमाउन थाल्छिन्, जसरी सङ्गीतप्रति अनुराग भएको कलाकार अभ्यासमा घण्टौं बिताउँदा पनि थाकेको अनुभव गर्दैन, त्यसैगरी जब सिकाइ मानिसको रहर, चाहना र जीवनको अभिन्न हिस्सा बन्छ, तब त्यो बोझ नभएर आनन्दको स्रोत बन्न पुग्छ । मनोवैज्ञानिक अब्राहम मास्लोको आवश्यकताको पदानुक्रमसम्बन्धी सिद्धान्तमा आत्मसाक्षात्कारलाई मानवीय विकासको उच्चतम तहका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो रुचि, क्षमता र सम्भावनाको पूर्ण विकास गर्ने चाहनाले मानिसलाई निरन्तर सिकाइतर्फ प्रेरित गर्छ । महाभारतका पात्र एकलव्यको कथा यस सन्दर्भमा एउटा ज्वलन्त उदाहरण हो । गुरु द्रोणाचार्यले उनलाई धनुर्विद्या सिकाउन अस्वीकार गरेपछि पनि एकलव्यले आफ्नो सिक्ने चाहना त्यागेनन् । उनले द्रोणाचार्यको माटोको मूर्ति स्थापना गरी त्यसैलाई गुरु मानेर निरन्तर अभ्यास गरे । कसैले प्रत्यक्ष रूपमा सिकाइ नदिए पनि उनको दृढ इच्छाशक्ति, एकाग्रता र अथक अभ्यासले उनलाई असाधारण धनुर्धरका रूपमा स्थापित गऱ्यो । एकलव्यको कथाले एउटा गहिरो सन्देश दिन्छ- सिक्ने रहर र निरन्तर अभ्यास भएमा प्रतिकूल परिस्थितिले पनि मानिसको प्रतिभा र सम्भावनालाई पूर्ण रूपमा रोक्न सक्दैन । वास्तवमा रहर नै सिकाइको सबैभन्दा शक्तिशाली आन्तरिक प्रेरणा हो ।

आधुनिक शिक्षाशास्त्रले पनि विद्यार्थीको आन्तरिक अभिप्रेरणा, स्वतन्त्रता र अनुभवमा आधारित सिकाइलाई विशेष महत्त्व दिएको छ । बालमनोवैज्ञानिक मारिया मोन्टेसरीको शिक्षण दर्शनले बालबालिकालाई जबरजस्ती सिकाउनुभन्दा उनीहरूलाई आफ्नै गतिमा सिक्ने अनुकूल वातावरण उपलब्ध गराउनुपर्ने कुरामा जोड दिन्छ । मोन्टेसरी पद्धतिमा दण्ड, त्रास र अनावश्यक दबाबभन्दा स्वतन्त्र अभ्यास, खोज र अनुभवलाई प्राथमिकता दिइन्छ । बालबालिकाले आफ्नै रुचि र गतिअनुसार सामग्रीसँग अन्तरक्रिया गर्दै सिक्दा उनीहरूको सिकाइ बढी अर्थपूर्ण र आनन्ददायक हुन्छ । प्रसिद्ध अमेरिकी शिक्षाविद् जोन डेवीले शिक्षालाई भविष्यको तयारी मात्र नभई जीवनकै अभिन्न अङ्ग मानेका छन् । उनका विचारमा विद्यार्थीले निष्क्रिय श्रोता भएर होइन, आफ्नै अनुभव, प्रयोग र क्रियाकलापमार्फत सिक्नुपर्छ । जब कक्षाकोठामा पाठ्यपुस्तकका कुरा कण्ठ गराउने र परीक्षा उत्तीर्ण गराउने काममा मात्र जोड दिइन्छ, तब विद्यार्थीमा विषयप्रति वितृष्णा उत्पन्न हुनसक्छ । तर, प्रयोगात्मक, अनुसन्धानात्मक र सिर्जनात्मक विधि अपनाउँदा विद्यार्थीमा जिज्ञासा र सिक्ने रहर जाग्छ । मानवतावादी मनोवैज्ञानिक कार्ल रोजर्सको मान्यताअनुसार वास्तविक सिकाइ व्यक्तिको आफ्नै अनुभव, सहभागिता र आत्मअनुभूतिबाट विकसित हुन्छ । शिक्षकको काम ज्ञान थोपर्ने वा विद्यार्थीलाई जबरजस्ती घोकाउने होइन, उनीहरूलाई खोज्न, प्रश्न गर्न, प्रयोग गर्न र आफ्नै अनुभवबाट निष्कर्ष निकाल्न सक्ने भयमुक्त तथा अनुकूल वातावरण तयार गर्नु हो । यसरी आधुनिक शिक्षाले सिकाइलाई बाह्य दबाबबाट आन्तरिक अभिप्रेरणातर्फ लैजाने प्रयास गरेको छ ।

माथि उल्लिखित शैक्षिक तथा मनोवैज्ञानिक विमर्शको निचोड के हो भने, सफल शिक्षकको प्रमुख जिम्मेवारी विद्यार्थीमा सिकाइप्रतिको रहर जगाउनु हो । साधारण शिक्षकले पाठ्यपुस्तकका पाना पढाउँछ, गृहकार्य दिन्छ र परीक्षा लिन्छ । यस्तो प्रक्रियामा कहिलेकाहीं डर र करको मात्रा बढी हुन सक्छ । तर, एक कुशल, अनुसन्धानशील र दूरदर्शी शिक्षकले पाठ्यपुस्तकको सीमाभन्दा बाहिर गएर विद्यार्थीमा जिज्ञासा पैदा गर्छ, कक्षाकोठालाई भयमुक्त बनाउँछ, विषयवस्तुलाई जीवनसँग जोड्छ र विद्यार्थीको मौलिक चिन्तन तथा सिर्जनात्मकताको सम्मान गर्छ । उसले विद्यार्थीलाई केवल सही उत्तर दिन सिकाउँदैन, सही प्रश्न गर्न पनि प्रेरित गर्छ । विद्यार्थीले किन, कसरी र केका लागि भन्ने प्रश्न गर्न थालेपछि वास्तविक सिकाइको ढोका खुल्छ । शिक्षकले सबै कुरा आफैंले जानेको छु भन्ने अहङ्कार त्यागेर विद्यार्थीबाट पनि सिक्न तयार हुनुपर्छ । किनकि सिकाइ एकतर्फी प्रक्रिया होइन, यो शिक्षक र विद्यार्थी दुवैको निरन्तर विकासको यात्रा हो । विद्यार्थीलाई डर देखाएर चुप लगाउनु सजिलो छ, बाध्य बनाएर काम गराउनु पनि सम्भव छ; तर उसमा सिक्ने रहर जगाउनु नै शिक्षकको वास्तविक सफलता हो ।

सङ्क्षेपमा भन्नुपर्दा, जीवनको प्रारम्भिक चरणमा बालबालिकालाई जोखिमबाट जोगाउन, आधारभूत अनुशासन सिकाउन र आवश्यक जिम्मेवारीबोध गराउन डर र करको सीमित भूमिका हुन सक्छ । डरले सम्भावित हानिबाट सतर्क गराउँछ भने करले आवश्यक काम गर्न प्रेरित गर्छ । तर यी दुवै सिकाइका अन्तिम गन्तव्य होइनन् । डरले सिक्न बाध्य बनाउँछ, करले सिक्न आवश्यक बनाउँछ र रहरले सिक्न आनन्दित बनाउँछ । जीवनको सिकाइ यात्रामा डर र करले मानिसलाई प्रारम्भिक गति दिन सक्छन्, तर त्यसलाई निरन्तरता दिने वास्तविक ऊर्जा रहर नै हो । जब सिकाइ बाह्य दबाबबाट मुक्त भएर आन्तरिक चाहना र जिज्ञासामा रूपान्तरण हुन्छ, तब परीक्षा केवल अङ्क प्राप्त गर्ने माध्यम रहँदैन, ज्ञान केवल प्रमाणपत्रमा सीमित हुँदैन र शिक्षा केवल रोजगारी प्राप्त गर्ने साधनमा खुम्चिँदैन । विद्यालयका चारकुने भित्ताभित्र विद्यार्थीलाई केवल अङ्क र ग्रेडका लागि होइन, जीवन बुझ्न, संसार चिन्न र आफूभित्रका सम्भावना पहिचान गर्न सिकाउने रहरको दियो बाल्नुपर्छ । आजका विद्यार्थीमा त्यही दियो बाल्न सक्नु नै सच्चा शिक्षा, सफल शिक्षक र समृद्ध राष्ट्र निर्माणको महत्त्वपूर्ण आधार हो ।

युवालाई स्वदेशमै राजगारी दिनुपर्ने

देश जोगाउने र बनाउनेहरूले देशको सम्पत्ति तोडफोड र आगजनी गरेर ध्वस्त गर्दैनन् । देश ध्वस्त गर्नेहरू देशका सच्चा युवा हुँदैनन् । देश ध्वस्त पारेर परिवर्तन गर्ने या परिवर्तनको निम्ति देश ध्वस्त पार्ने काम सच्चा नागरिकको हुँदैन । युवाहरूको नेतृत्वमा बनेको सरकारले सरकार गठन भएको सात महिनाभन्दा बितिसके पनि सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपति भवनलगायत देशको सम्पत्तिमा तोडफोड र आगजनी गरेर ध्वस्त बनाउनेहरूमाथि सरकार किन छानबिन गर्दैन ? छानबिन गरेर दोषीमाथि किन कारबाही गर्दैन ? देशको अरबौँ खरबौँको सम्पत्ति नास गर्नेमाथि छानबिन नहुनुको अर्थ के ? सरकारमा रहेका युवा मन्त्रीहरू, युवा सांसदहरू कतै भदौ २४ गतेको तोडफोड र आगजनी आन्दोलनमा सरिक भएकाले कारबाहीमा पर्ला भनेर सरकारले छानबिन प्रक्रिया अघि नबढाएको हो ? युवाहरूले जे गरे पनि टुलुटुलु हेर बस्नु के युवाहरूको नेतृत्वमा बनेको सरकारको काम हो ?

विगतको सरकारले जनतालाई चित्तबुझ्दो काम गरेन, भ्रष्टाचार अन्त्य गरेन, भ्रष्टाचारीमाथि कारबाही गरेन भन्ने विगतको सरकारप्रति जनताको असन्तोष हो भने अहिलेको सरकारले त्यस्तो के काम गरेको छैन । जुन उद्देश्यले सरकार परिवर्तन गरेको हो ? देश विकास गर्न र जनताको जीवन सुनश्चित गर्न वर्तमान सरकारले के गरेको छ ? विदेश जाने युवाहरूको लाइन बढाउने कि स्वदेशमै बसेर देश बनाउने लाइनको सङ्ख्या बढाउने ? युवा शक्ति देशको भविष्य हो भने युवाको श्रम र सीपलाई देश निर्माणमा लगाउने कि नलगाउने ? युवालाई स्वदेशमै काम गर्ने जिम्मेवारी दिएर विकास निर्माण देशव्यापी पुऱ्याउने कि नपुऱ्याउने ? योजना देशव्यापी पुऱ्याएर सन्तुलित विकास गर्नुपर्छ कि पर्दैन ? सन्तुलित विकासमा ध्यान दिएको भए युवाहरू विदेश जान बाध्य हुने छैनन् । तर, अधिकांश युवाहरू आफ्नो जीवनको जोहो गर्न बिदेसिरहेका छन् ।

सरकार देश र जनताको सेवा हुने कुनै नीति र कार्यक्रम ल्याउँदैन । हरेक कुरामा विदेशीको भर परेर, विदेशी सहयोगमा लागेर, विदेशी शक्ति राष्ट्रकै उठबसमा बसेर देश निर्माण गर्ने सपना बुनेर देशलाई परनिर्भर बनाइराख्ने बाटो खनिरहेको हुँदा उक्त कदम र कार्यनीतिको विरोध गर्नु आवश्यक छ । पुराना सत्तारुढ राजनीतिक दलहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा पठाएर अकुत सम्पत्ति कमाउने अवसर दिएर विदेशभक्त बनाए । वर्तमान सरकारको नेतृत्व गर्ने सरकारका मन्त्री र सांसदहरूले तोडफोड र आगजनी गराएर देशको सम्पत्ति खरानी बनाउने माथि कारबाही गर्नुपर्दैन ? ठोस काम गर्नुको सट्टा फोस्रा र टालटुले कार्य, गफ र भाषण गरेर युवाहरूलाई मोहनी लगाउने काम सरकारले छोड्नुपर्छ । युवाहरूको नेतृत्वमा बनेको सरकारले उन्नतिको यात्रा गर्ला भन्ने जनताको विश्वास थियो । तर, त्यो यात्रा अवनतिको भयो । पहिलेका भ्रष्टाचारका फाइल खोलेर एक एकलाई कारबाही गर्ला कि भन्ने जनताको विश्वासमा निरासा छायो ।

सत्तासीन दलका नेताहरूको अदूरदर्शिताको कारण वर्तमान सरकारको गतिविधिमा खासै तडारुकता देखिएन । सरकारको विकास यात्रा ओरालो लाग्दै छ । सरकारको विदेशभक्त या गैरसरकारी संस्थामा कार्यरत व्यक्ति र सत्तासीन नेताहरूको कमी कमजोरी छोप्न आफ्ना नजिकका मान्छेलाई उच्च पदमा राख्ने सरकार र सत्तासीन दलका नेता र मन्त्रीहरूको अकर्मण्यताले गर्दा सरकारको विरोध बढ्दै गएको हो । हिजो चलाइएको राजनीति आज पनि दोहोरिँदै छ । सतही काम गरेर हल्ला पिट्ने, सनसाना काम गरेर कम समयमै काम गरेको देखाउने वर्तमान सरकारको कार्यशैलीले देशको मुहार कसरी फेर्न सक्छ ? सरकारको नेतृत्व गरेको छ सात महिनामै जनतामा उदास या निराशाले छायो । हिजोको जोश र जागरण सेलायो । के यही हो, युवा सरकारको उपलब्धि ?

इरानमाथि आक्रमणको ट्रम्पको चेतावनी, तेहरानको कडा जवाफ

वासिङ्टन/तेहरान, २ नोभेम्बर (सिन्हुवा) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि कुनै समयमा पुनः आक्रमण गर्न सक्ने चेतावनी दिएका छन् । इरानी सेनाले भने अमेरिकाले नयाँ आक्रमण गरे त्यसको जवाफ पहिलेभन्दा व्यापक र निर्णायक हुने तथा द्वन्द्व लामो समयसम्म चल्न सक्ने बताएको छ ।

अमेरिकामा नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि आइतबार आयोवामा आयोजित चुनावी सभामा ट्रम्पले इरानमाथि कारबाही पुनः सुरु गर्ने सङ्केत गरे ।

इरानी सेनाका प्रवक्ता मोहम्मद अक्रामिनियाले अमेरिकाले पुनः आक्रमण गरे तत्काल र निर्णायक प्रतिकार गरिने बताउनुभएको छ । इरानको अर्धसरकारी मेहर समाचार संस्थाका अनुसार उहाँले अमेरिकी सैन्य अखडा, उपकरण, कर्मचारी र स्वार्थलाई जहाँसम्म इरानको पहुँच पुग्छ, त्यहाँसम्म निशाना बनाउन सकिने चेतावनी दिनुभएको छ । नयाँ द्वन्द्व अघिल्लोभन्दा लामो समयसम्म चल्न सक्ने उहाँको भनाइ छ ।

वासिङ्टनबाट कूटनीति र सैन्य कारबाही दुवैका सङ्केत आइरहेका बेला इरानले बिहीबार अमेरिकी उपराष्ट्रपति जेडी भान्सबाट शान्ति वार्ता पुनः सुरु गर्न आह्वान गरिएको पत्र प्राप्त गरेको थियो । ट्रम्पको निर्देशनमा पठाइएको उक्त पत्रको भाषालाई तेहरानले सकारात्मक सङ्केतका रूपमा लिएको जनाएको छ ।

तर, 'वाल स्ट्रिट जर्नल' का अनुसार वरिष्ठ अमेरिकी सैन्य अधिकारीहरूले बिहीबार ट्रम्पलाई इरानसम्बन्धी सम्भावित विकल्पबारे जानकारी गराएका थिए । मध्यावधि निर्वाचनपछि इरानविरुद्ध छोटो तर तीव्र सैन्य अभियान सञ्चालन गर्न सक्ने तयारीस्वरूप अमेरिकाले खाडी क्षेत्रका केही देशलाई आग्रह गरेको पनि समाचारमा उल्लेख छ ।

इरानका सर्वोच्च नेता मोजताबा खामेनीले शनिबार जारी वक्तव्यमा वरिष्ठ सैन्य कमान्डरहरूलाई शत्रुबाट आउने जुनसुकै प्रकृति र स्तरको खतराको तत्काल तथा प्रभावकारी जवाफ दिन निर्देशन दिनुभएको जनाइएको छ । यस्तो प्रतिकार भौगोलिक सीमामा सीमित हुन नहुने उहाँको भनाइ थियो ।

नगर...

आफूमा भएको सीप र क्षमताको सदुपयोग गरी समाज र परिवारका लागि धेरै काम गर्न सकिने बताउनुभयो । आफ्नो सीप र रुचिसम्बन्धी कामलाई निरन्तरता दिँदै अगाडि बढे त्यसले दक्षता विकास गर्न मद्दत पुग्ने उहाँले बताउनुभयो ।

नेपाल सेरामिक्स आर्टिसट सोसाइटीका अध्यक्ष रमेश प्रधानले कार्यक्रमको उद्देश्यबारे स्पष्ट पार्दै परम्परागत सिरामिक्स कलालाई आधुनिकतासँग जोड्ने, आधुनिक सिरामिक्स कलाको विकास गर्ने तथा कला र संस्कृतिसँग जोडेर यस क्षेत्रलाई अगाडि बढाउने उद्देश्य रहेको बताउनुभयो । नयाँ कलाकारलाई सीप सिकाउँदै सिर्जनशील कार्यमा प्रेरित गर्नु कार्यशालाको प्रमुख लक्ष्य रहेको उहाँले उल्लेख गर्नुभयो ।

देशको...

● धार्मिक उत्सवमा बजाइने डिजे र माइकको आवाज अब मनोरञ्जन वा आस्थाको विषयमा सीमित छैन । छिमेकीबिचको विवाद, सामुदायिक तनाव र धार्मिक सहिष्णुतामाथिको चुनौती बढ्दै गएको धार्मिक प्रदूषण नियन्त्रण गर्न नसक्दा सामाजिक सद्भावदेखि नागरिकको स्वास्थ्य र शान्तिपूर्वक बाँच्न पाउने अधिकारसम्म प्रभावित हुन थालेको छ ।"

गत साउन १० गते सुनसरी देवानगञ्जको कप्तानगञ्जमा बोलबम यात्राको क्रममा डिजे बजाएको विषयमा दुई समुदायबिच झडप हुँदा ३ जनाको ज्यान गयो भने ६ जना घाइते भए । त्यसपछि सिरहाको गोलबजारमा भड्किएको साम्प्रदायिक दङ्गामा एकको ज्यान गयो ।

यस्तो प्रदूषण देशभरि फैलिएको छ । भक्तपुर नगरपालिका क्षेत्रमा पनि साँझ ४ बजेतिर ढोलक बजाउँदै हरेक दिन २-४ जना बजार धाउँछन् । त्यसो त काठमाडौँ उपत्यकामा बढ्दो बसाइँसराइसँगै धुलो र धुवाँ प्रदूषण बढ्यो । प्रदूषण फाल्ने यहाँका औद्योगिक क्षेत्रहरू उपत्यकाबाहिर लैजाने सरकारहरूको प्रतिबद्धता अहिलेसम्म पूरा भएन । यो प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक र दीर्घरोगीलाई प्रत्यक्ष असर गरेको छ । तर, अध्येताहरूले स्थानीय तह र जिल्ला प्रशासनको इच्छाशक्ति भए प्रदूषण नियन्त्रण हुने बताउँदै छन् । सरकारले चाहेमा वातावरण संरक्षण ऐन २०७६, मुलुकी अपराधसंहिता २०७४, जनस्वास्थ्य सेवा ऐन २०७५ तथा ध्वनिको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ देखि सडक विभागको प्रतिवेदनलगायत कानुन कार्यान्वयन गरे प्रदूषण नियन्त्रणमा मद्दत पुग्नेछ ।

ॐ हार्दिक समवेदना ॐ



जन्म
१९९८/०२/३१

स्वर्गारोहण
२०८३/०७/११

यस समूहका आत्मीय मित्र रामकृष्ण दुमरुकी ममतामयी माता
मिश्री दुमरूको दुःखद निधन भएको आज सातौँ दिन
(न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण
गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ ।

१५ जना, २ गते समूह
इनाचो, चोर्चा-७, भक्तपुर

हार्दिक समवेदना



जन्म : १९९८/०२/३१
निधन: २०८३/०७/११

यस समूहका सदस्य श्यामकृष्ण दुमरुकी पूजनीय आमा **मिश्री दुमरू**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

१० गते समूह
भक्तपुर

हार्दिक समवेदना



जन्म : १९९८/०२/३१
निधन: २०८३/०७/११

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ७ चोर्चा टोल बस्ने यस संस्थाका सदस्यता नं. ३२०३ का सदस्य **मिश्री दुमरू**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

विद्यार्थी मार्गनिर्देशन कार्यक्रमसम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ मा SEE/SLC **परीक्षा उत्तीर्ण भएका संस्थाका बाल बचतकर्ता विद्यार्थीहरू र दस जोड दुई** (+2) **र स्नातक** (Bachelor) **परीक्षामा उत्तीर्ण भएका संस्थाका सदस्य एवं सदस्य परिवारका विद्यार्थीहरूलाई मङ्सिर १२ गते मार्गनिर्देशन कार्यक्रम हुने** व्यहोरा जानकारी गराउँदै **मिति २०८३/०८/०४ गतेभित्र** आफ्नो चारित्रिक प्रमाणपत्र (Character Certificate) र लब्धाङ्क (Gradesheet) पत्रसहित निवेदन दिन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

पुनश्च : SEE परीक्षामा सार्वजनिक विद्यालय र निजी विद्यालयका ३/३ उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका विद्यार्थी तथा उच्च मा.वि. (+2) परीक्षामा उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका, विज्ञान तथा प्रविधि सङ्कायबाट १ जना, व्यवस्थापन सङ्कायबाट १ जना, शिक्षा सङ्कायबाट १ जना, मानविकी सङ्कायबाट १ जना र कानुन सङ्कायबाट १ जना गरी ५ जना विद्यार्थीलाई रू. ५०००- नगद पुरस्कारको पनि व्यवस्था गरिएको छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पीखुकगु नेपालभाषा साहित्य तःमुंज्याखय् पिब्वगु धिंधिंबलाखय् दुथ्यागु सांस्कृतिक ब्वज्याया लिच्वया धलः

मिति २०८३ कार्तिक १६ गते यस पत्रिकामा प्रकाशित तःमुंज्याको विज्ञापनमा **लोकेश्वर साकोस** हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा